नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४

लुम्बिनी प्रदेशको प्रादेशिक प्रतिवेदन

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
अनुसन्धान तथा परामर्श सेवा विभाग

नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४

लुम्बिनी प्रदेशको प्रादेशिक प्रतिवेदन

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
अनुसन्धान तथा परामर्श सेवा बिभाग

लेखक
विष्णुप्रसाद लम्साल
शिवहरि अधिकारी
अनिता पौडेल

भाषा सम्पादक
उत्तम आचार्य

प्रतिलिपि अधिकार
अनुसन्धान तथा परामर्श सेवा विभाग, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर ।

स्पष्टिकरण
नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ शासकीय व्यवस्थाका विभिन्न पक्षहरूको बारेमा नागरिकहरूको विचार बुझ्न पहिलो पटक गरिएको हो । प्रस्तुत प्रतिवेदनमा व्यक्त गरिएका विचारहरू प्रतिष्ठानको आधिकारिक होइनन् ।

बिस्तृत जानकारी
अनुसन्धान र विकास केन्द्र
अनुसन्धान र परामर्श सेवा विभाग
नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
rcsd@nasc.org.np
URL: www.nasc.org.np

साभार गर्ने तरिका
लम्साल, विष्णुप्रसाद., अधिकारी, शिवहरि., र पौडेल, अनिता, २०७७, नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४: लुम्बिनी प्रदेश को प्रादेशिक प्रतिवेदन । जावलाखेल, ललितपुर : नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ।

कृतज्ञता

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानद्वारा केन्द्रीय तथ्यांक विभागको सहकार्यमा सम्वत् २०७४ मा नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण गरिएको थियो । नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ शासकीय व्यवस्थाका विभिन्न पक्षहरूको बारेमा नागरिकहरूको विचार बुझ्न पहिलो पटक गरिएको हो जसको राष्ट्रिय प्रतिवेदन सम्वत २०७५ मा प्रकाशित भएको छ । नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ बाट संकलित तथ्याङ्कीय आधारमा प्रादेशिक प्रतिवेदन तयार पार्ने नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यक्रम अनुसार यो प्रतिवेदन तयार पारिएको हो। सर्वेक्षण अन्तर्गत लुम्बिनी प्रदेश को तथ्याङ्कहरूबाट प्राप्त विषयहरूलाई विश्लेषण गरी यो प्रादेशिक प्रतिवेदन तयार गरिएको छ ।

प्रस्तुत प्रतिवेदन योजना तयार गर्ने कार्यको ढाँचा तयार गर्ने र समग्र प्रक्रियामा सहयोग गर्नुहुने नेपाल राष्ट्रिय शासकीय सर्वेक्षणका संयोजक श्री त्रिलोचन पोखेल र विश्लेषण कार्यको लागि तालिकाहरूको छनौटमा सहजिकरण गरीदिनु हुने श्री अनिल कुमार गुप्तालाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छौ । त्यसैगरी अनुसन्धान तथा परामर्श सेवा विभागले दिएको पृष्ठपोषण एवं व्यवस्थापकीय सहयोगसमेत स्मरणीय रहेको छ । यस प्रतिवेदनका लागि विवरण उपलब्ध गराईदिने लुम्बिनी प्रदेशका निर्वाचित प्रतिनिधिहरू र कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छौ । अन्त्यमा यस प्रतिवेदन तयार गर्ने कार्यमा आवश्यक छलफल एवं सुझावमा भाग लिई कार्य योजनालाई मूर्तरूप दिन सहयोग गर्नुहुने सबै सहभागीलगायत विज्ञहरूको योगदानको पनि कदर गर्दै हृदयदेखि नै धन्यवाद दिन चाहन्छौ ।

कार्यकारी सारांश

शासकीय व्यवस्थाका विभिन्न पक्षहरूको बारेमा नागरिकहरूको विचार बुझ्न पहिलो पटक गरिएको नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ अन्तर्गत लुम्बिनी प्रदेश (तत्कालिन प्रदेश नं. ५) को तथ्याङ्कबाट प्राप्त विषयहरूलाई विश्लेषण गरी यो प्रतिवेदन तयार गरिएको हो । लुम्बिनी प्रदेश मा बर्दघाट-सुस्ता पश्चिम नवलपरासी, रूपन्देही, कपिलबस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, पूर्वीभाग रूकुम, रोल्पा, प्युठान, दाङ, बाँके र वर्दिया गरी १२ वटा जिल्लाहरू छन् । साथै, यहाँ चार उपमहानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका गरी कुल १०९ वटा स्थानीय तहहरू रहेका छन् र ती स्थानीय तहका ९८३ वटा वडाहरू रहेका छन् ।

मूलतः नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ को उद्देश्यहरू १) शासन प्रणालीका विभिन्न आयामहरूका सम्बन्धमा नागरिकको बुझाई/अनुभव जानकारी लिने, २) संघ, प्रदेश र स्थानीय सरकारहहरूलाई नीति तर्जुमा गर्न शासकीय क्षेत्रमा सुधार गर्न तथ्यगत जानकारी दिने र ३) क्षमता विकासका लागि अग्रसरता लिन र प्राज्ञिक छलफलका लागि सन्दर्भ सामग्री उपलब्ध गराउने रहेका छन् । नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ मा नेपालका सातैवटा प्रदेशबाट तथ्यांक संकलन गरिएको थियो । यो प्रतिवेदन सोही सर्वेक्षणमा रही लुम्बिनी प्रदेशमा मात्र केन्द्रित रहेको छ । सर्वेक्षणमा शासकीय व्यवस्थाका तीनवटा पक्ष- शासकीय व्यवस्थाको आधार, शासकीय व्यवस्थाका पूर्वाधार र सार्वजनिक सेवा प्रवाहमा तथ्यांक संकलन गरिएको थियो ।

नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ देशभरिका ४३ जिल्लाहरूबाट १२८७२ जना उत्तरदाताहरू छनौट गरी सर्वेक्षण गरिएको थियो । छनौट भएका उत्तरदाताहरूमध्ये लुम्बिनी प्रदेशबाट १६७८ जना उत्तरदाताहरू समावेश थिए ।

उत्तरदाताको सामाजिक र आर्थिक विवरण

- लुम्बिनी प्रदेशका उत्तरदाताहरूमध्ये १८ देखि २४ वर्ष उमेर समूहका १५ प्रतिशत, २५ देखि ३९ वर्ष उमेर समूहका ३६ प्रतिशत, ४० देखि ५९ वर्ष उमेर समूहका ३४ प्रतिशत र ६० वर्ष माथिको उमेर समूहका १५ प्रतिशत रहेका थिए ।
- त्यसैगरी पुरूष उत्तरदाता र महिला उत्तरदाताको अनुपात लगभग समान थियो ।
- भौगोलिक क्षेत्र अनुसार ३६ प्रतिशत पहाडी क्षेत्रवाट र ६४ प्रतिशत तराई क्षेत्रबाट रहेका थिए ।
- जातजाति अनुसार सर्वेक्षणमा तराई जनजाति समूहका उत्तरदाताहरूको प्रतिनिधित्व सबैभन्दा बढी (२६%) थियो भने सवैभन्दा कम नेवार जातिका उत्तरदाताको (१%) प्रतिनिधित्व थियो ।
- उत्तरदाताहरूको शैक्षिक अवस्थामा सबैभन्दा बढी उत्तरदाताहरू निरक्षर रहेको पाईयो ।
- पेशागत रूपमा बढी जसो उत्तरदाताहरू कृषि पेशामा निर्भर रहेको पाईयो भने करिव नौं (९) प्रतिशत उत्तरदाताहरूले बेरोजगार रहेको बताए ।

शासकीय व्यवस्थाको आधार

- नागरिकहरू बारम्बार सहभागी हुने गतिविधिमा विद्यालयमा हुने अभिभावक शिक्षक वैठक (१२%), स्वयंसेवा तथा समाजसेवाका कार्यहरू (१०%) र वडा तथा गाउँ भेला (९%) रहनुले आफ्ना क्षेत्रका र आँफूसँग सरोकार रहने गतिविधिहरूमा जनताहरूले चासो कम दिने गरेको पाईयो ।

- लुम्बिनी प्रदेशका नागरिकहरूले सबैभन्दा वा केहीमात्रामा ईमान्दार ठानेका तीन संस्था वा समूहमा नेपाली सेना/आर्मी (८६%), मिडिया - टि.भी., रेडियो र पत्रपत्रिका (८४%) र उपभोक्ता समूह - वन, अन्य बिकास क्रियाकलापहरू सम्वन्धी (८३%) रहेका छन् । त्यस्तै नागरिकहरूले कम ईमान्दार ठानेका तीन संस्था वा समूहमा मन्त्री (४२%), व्यापारी (४४%) र राजनीतिक दलहरू (४५%) रहेका छन् ।

- करिव दशमा सात नागरिकले परियोजनासँग सम्बन्धित जानकारीमूलक वोर्डहरू देखेको बताए भने ४३ प्रतिशत नागरिकले सामाजिक परीक्षण र ३७ प्रतिशत नागरिकले सार्वजनिक सुनुवाईको बारेमा नसुनेको वा नदेखेको बताए ।

- सरकारले नागरिकलाई उपलब्ध गराएको बृद्ध तथा अपाङ्गता भत्ता जस्ता सामाजिक सुरक्षा करिव ९० प्रतिशत नागरिकले समान पहुँच रहेको बताए भने वाढी/पहिरो/भूकम्प/अन्य विपद्पछिको सुरक्षा तथा सहयोगमा करिव ४० प्रतिशत नागरिकले समान पहुँच रहेको बताए ।

- दशमा चार नागरिकले सरकारी कार्यालयमा नागरिकहरूमाथि अझै पनि विभेद हुने गरेको धारणा राखेका छन् भने ३८ प्रतिशत नागरिकले प्रहरी कार्यालयमा पनि त्यस्तो विभेद हुने गरेको बताए ।

शासकीय व्यवस्थाका पूर्वाधारहरू

- नेपालको संविधानको बारेमा जानकारी राख्ने नागरिकमध्ये दशमा नौं जनाले संविधानमा सबै जात/जातिका व्यक्तिहरूलाई राज्यमा समान अधिकारको व्यवस्था गरिएकको बारे पूर्ण वा आंशिक जानकारी रहेको बताए भने ८५ प्रतिशतले संविधानमा सरकारका काम तीन तहमा वाँडिएको बारेमा जानकारी राखेको पाइयो ।

- समग्रमा ८६ प्रतिशत नागरिकहरू स्थानीय सरकारले सार्वजनिक सेवाको सुधार गर्नेछन् भन्नेमा विश्वस्त रहेको पाईयो, जसमध्ये १५ प्रतिशत पूर्ण विश्वस्त रहेको पाईयो ।

- समग्रमा ८८ प्रतिशत नागरिकहरू राजनीतिक दलले विकास निर्माणका कार्य गर्नेछन् भन्नेमा पूर्ण वा आंशिक विश्वस्त रहेको पाईयो, जसमा १२ प्रतिशत मात्र पूर्ण विश्वस्त रहेको पाईयो ।

- त्यसैगरी, ६५ प्रतिशत नागरिकले स्वास्थ्य चौकीवाट प्रदान गरिने निःशुल्क औषधी र स्वास्थ्य सुविधा प्राप्त गरेको बताए भने ४३ प्रतिशतले बालबालिकाका लागि निःशुल्क आधारभूत र माध्यमिक शिक्षाको सुविधा लिएको बताए ।

- विगत पाँच वर्षमा सबैभन्दा धेरै नागरिक (८९%) ले वृद्ध/अपाङ्ग/विधवा आदिका लागि सरकारी कल्याण योजना/सामाजिक सुरक्षामा सुधार आएको बताए भने सबैभन्दा कम नागरिकले खाद्य सुरक्षामा सुधार आएको बताए ।
- आपद्-विपद् परेमा वा धनजनको क्षति भएमा मद्दत वा समाधानका लागि ८० प्रतिशत नागरिकले टोल छिमेक/साथीहरूलाई पहिलो प्राथमिकतामा राखेको पाईयो ।

सार्वजनिक सेवा

- सर्वेक्षणअघिको दुई बर्षभित्र सरकारी कार्यालयबाट सेवालिने नागरिकमध्ये ५५ प्रतिशतले कसैको सहयोग बेगर सेवा लिएको बताए भने ४० प्रतिशतले परिवारको सदस्य/नातेदार/छिमेकी/साथीको सहयोग लिएको बताए ।
- सरकारी कर्मचारीहरूले सेवा प्रदानगर्दा नियमको पालना गर्छन् भन्नेमा १२ प्रतिशत मात्र नागरिकहरू पूर्ण सहमत थिए भने ५९ प्रतिशत आंशिक सहमत थिए ।
- सरकारी कर्मचारीले सेवाग्राहीका कुराहरू राम्रोसँग सुन्छन्/बुझ्छन् भन्नेमा ९ प्रतिशत नागरिकमात्र पूर्ण सहमत थिए भने ५७ प्रतिशत नागरिक आंशिक मात्रामा सहमत थिए ।
- विद्युत जडान गर्न, खानेपानी धारा जडान गर्न, जग्गा पास गर्न र रेकर्ड प्राप्त गर्न क्रमशः ४७ प्रतिशत, ४३ प्रतिशत र ३७ प्रतिशत नागरिकले असहज वा अत्यन्त असहज रहेको अनुभव सुनाए । यसले सार्वजनिक/सरकारी सेवाहरू लिनमा नागरिकलाई असहज छ भन्ने संकेत गर्दछ ।
- सरकारी कार्यालयमा कुनै झण्झट विना सेवा प्राप्त गर्न सकिन्छ भन्नेमा पूर्ण वा आंशिक सहमत हुने नागरिकको संख्या ४० प्रतिशत रहेको पाइयो ।
- करिव ६० प्रतिशत नागरिकहरू सरकारी कार्यालयमा सेवा लिन कागजपत्र मिलेरमात्र हुदैन, घुस पनि आवश्यक छ भन्नेमा पूर्ण वा आंशिक सहमत देखिए ।

देशको आगामी दिशा

- लुम्बिनी प्रदेशका नागरिकहरूमध्ये ७८ प्रतिशतलाई देश सही दिशातर्फ गईरहेको विश्वास छ भने १८ प्रतिशतलाई गलत दिशातर्फ गईरहेको लागेको पाइयो ।
- आगामी पाँच बर्षमा नेपालको वर्तमान आर्थिक अवस्थामा सुधार हुन्छ भन्नेमा ८७ प्रतिशत नागरिकहरू थिए भने आफ्नो जीवनस्तरमा सुधार हुनेमा आशावादी हुने ८२ प्रतिशत नागरिक थिए।

- त्यस्तै आगामी पाँच बर्षमा नेपालको राजनीतिक अवस्थामा सुधार हुनेछ भन्नेमा ७८ प्रतिशत नागरिकहरू आशावादी थिए भने राजनीतिक दलहरू प्रति नागरिकको विश्वास वढ्नेछ भन्नेमा ७९ प्रतिशत नागरिकहरू सकारात्मक थिए ।
- त्यसैगरी आगामी पाँच बर्षमा सरकारमाथि विश्वास वढ्नेमा ८४ प्रतिशत नागरिकहरू सहमत थिए ।

विषय सूची

कृतज्ञता क
कार्यकारी सारांश ख
विषय सूची च
चित्रहरू सूची छ

परिच्छेद १: परिचय १
१.१ पृष्ठभूमि १
१.२ लुम्बिनी प्रदेशको परिचय ३
१.३ सर्वेक्षण विधि ३
१.४ उत्तरदाताको परिचय ४
१.५ प्रतिवेदनको ढाँचा ५

परिच्छेद २: शासकीय व्यवस्थाको आधार ६
२.१ नागरिक आवाज र सहभागिता ६
२.२ सार्वजनिक तथा राजनैतिक संस्थाहरूको इमान्दारिता जवाफदेही ९
२.३ सामाजिक जवाफदेहिताका औजारहरूमा नागरिक सहभागिता १३
२.४ न्याय तथा सामाजिक समावेशिता १४
२.५ विधिको शासन १७

परिच्छेद ३: शासकीय व्यवस्थाका पूर्वाधारहरू २०
३.१ निर्वाचनमा सहभागिता २०
३.२ संविधान र संवैधानिक प्रावधानहरू २४
३.३ प्रादेशिक तथा स्थानीय सरकार २७
३.४ राजनीतिक संस्थाहरू ३१
३.५ सूचना तथा सञ्चार ३९
३.६ सामाजिक सुरक्षा ४३

परिच्छेद ४: सार्वजनिक सेवा प्रवाह ४८
४.१ सार्वजनिक सेवाको प्रयोग ४८
४.२ सार्वजनिक सेवाप्रतिको अनुभव ५१
४.३ सार्वजनिक सेवाको वातावरण ५८

परिच्छेद ५: भविष्य प्रतिको धारणा ६३
सन्दर्भ सामग्री ६७

चित्रहरू

चित्र १. आफ्नो क्षेत्रका विभिन्न गतिविधिहरूमा सहभागिता ७

चित्र २. समुदायको योजना निर्माणका क्रियाकलाप वा छलफलमा सहभागिता ८

चित्र ३. सार्वजनिक तथा राजनैतिक संस्थाहरूको ईमान्दारिता ९

चित्र ४. भ्रष्टाचार नियन्त्रण सम्वन्धमा सरकारप्रतिको धारणा ११

चित्र ५. सर्वेक्षणअघिको १२ महिनामा सरकारी वा सार्वजनिक सेवा प्राप्त गर्दा घुस तिरेको वा कसैले घुस मागेका १२

चित्र ६. सरकारी अधिकारीहरूलाई जवाफदेही बनाउने अभ्यासका विधिहरू प्रतिको जानकारी वा सहभागिता १४

चित्र ७. सरकारले उपलब्ध गराउने सेवाहरूमा समान पहुँच सम्वन्धी धारणा १५

चित्र ८ . समाजमा रहेको विभेदसम्वन्धी धारणा १६

चित्र ९. समाजिक विभेदको अनुभव १७

चित्र १०. नागरिकप्रति गरिने व्यवहारमा आएको सुधार १८

चित्र ११. अन्याय, सुरक्षा चुनौती तथा दुर्व्यवहारको अनुभव १९

चित्र १२. संघ, प्रदेश वा स्थानीय तहको निर्वाचनमा सहभागिता २१

चित्र १३. निर्वाचनको समयमा घटेका घटनाहरू २२

चित्र १४. निर्वाचनको गुणस्तरीयता २३

चित्र १५. संबिधानको बारेमा जानकारी २५

चित्र १६. संबैधानिक प्रावधानहरू बारेमा जानकारी २६

चित्र १७. प्रादेशिक तथा स्थानीय सरकारको प्राथमिकता २८

चित्र १८. स्थानीय सरकारको काम कार्यवाही प्रतिको विश्वस्तता २९

चित्र १९. स्थानीय सरकार र शासन प्रणालीमा सुधार प्रतिको विश्वस्तता ३०

चित्र २०. नेपालका राजनीतिक दलका क्रियाकलापको बारे जानकर रहनेहरू ३३

चित्र २१. राजनीतिक दलको काम कार्यवाही प्रतिको विश्वस्तता ३४

चित्र २२. राजनीतिक दलको चुनावी उम्मेदवारको छनौट सम्वन्धमा नागरिकको धारणा ३६

चित्र २३. सरकारले जनचासोका मुद्दाहरूको जानकारी गराउने/नगराउने सम्वन्धमा नागरिकको धारणा ४०

चित्र २४. सरकारले उपलब्ध गराउने सूचनाको स्पष्टता ४२

चित्र २५. सामाजिक सुरक्षाको सुविधा प्राप्ति ४४

चित्र २६. बिगत ५ बर्षको अबधिमा महसूस गरेका परिवर्तनहरू ४५

चित्र २७. आपद्-विपद्का सहयोगीहरू ४७

चित्र २८. सरकारी कार्यालयवाट दिईने सेवाको प्रयोग ४९
चित्र २९. सेवा प्राप्तिको लागि सहायता ५१
चित्र ३०. सेवा प्राप्त गर्न गरीएका प्रयास ५३
चित्र ३१. सार्वजनिक सेवा लिँदाको अनुभव ५५
चित्र ३२. सरकारी कर्मचारीहरूको काम कारवाही र व्यवहार प्रतिको धारणा ५६
चित्र ३३. सार्वजनिक सेवा लिनमा व्यवधान/समस्या ५७
चित्र ३४. सार्वजनिक/सरकारी सेवाहरू लिनमा सहजता ५८
चित्र ३५. सार्वजनिक सेवाको वातावरण प्रतिको विश्वस्तता ५९
चित्र ३६. सरकारी सेवाप्रति सन्तुष्टी ६१
चित्र ३७. देशको समग्र अवस्था कता जान्छ ६४
चित्र ३८. आगामी ५ बर्षमा हुने परिवर्तन प्रतिको धारणा ६५

परिच्छेद
१ परिचय

१.१ पृष्ठभूमि

यो प्रतिवेदन नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले सम्पन्न गरेको नेपालको राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ को नतिजामा आधारित छ । नयाँ संबिधान २०७२ लागू भएसंगै नेपालको संघीय संरचना र शासकीय पद्धतिमा आएको परिवर्तनले नागरिकहरूमा प्रशासन र राज्य प्रतिको अपेक्षा बढाएको छ । त्यसै सन्दर्भमा शासकीय प्रणालीका विभिन्न आयामहरूमा नागरिकहरूको धारणा बुझ्ने उद्देश्यले नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ सम्पन्न गरिएको थियो । यो प्रतिवेदनमा उक्त राष्ट्रिय सर्वेक्षणको तथ्यांकमा आधारित रहेर शासकीय व्यवस्थाका विभिन्न पक्षहरूमा लुम्बिनी प्रदेशका नागरिकहरूको धारणा विश्लेषण गरिएको छ । सर्वेक्षणका उद्देश्यहरू निम्न बमोजिम रहेका थिए ।

क) शासकीय प्रणालीका विभिन्न आयामहरूको वर्तमान स्थितिप्रति नागरिकहरूको धारणा बुझ्ने ।

ख) नीति निर्माण र शासकीय प्रणाली पुनर्संरचनाको लागि संघ, प्रदेश र स्थानीय सरकारलाई तथ्यमा आधारित आधार तयार गर्ने ।

ग) सार्वजनिक प्रशासनको क्षमता विकास र शैक्षिक अध्ययन र अनुसन्धानको लागि सन्दर्भ सामाग्रीको विकास गर्ने ।

नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ का नतिजाहरू संघ, प्रदेश र स्थानीय तहका सरकारलाई शासकीय प्रणालीमा सुधार गर्नका लागि नीति तथा योजना निर्माणका लागि उपयोगी हुने अपेक्षा राखिएको छ । यसैगरी उक्त सर्वेक्षणले राजनीतिक दललाई जनअभिमत र नागरिकका अपेक्षाहरूको बारेमा जानकारी प्राप्त हुनेछ । उक्त सर्वेक्षणले शासकीय व्यवस्था, सार्वजनिक नीति, सेवा प्रवाह र लोकतन्त्रको सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने प्राज्ञहरूलाई पनि उपयोगी हुनेछ । सार्वजनिक प्रशासनको क्षमता विकासका कार्यक्रम निर्माण गर्न र शासकीय व्यवस्थामा आएको सुधारलाई नियमित रूपमा मापन गर्न र सेवा प्रवाहको अवस्था बुझ्न यो सर्वेक्षणको नतिजाहरू उपयोगी हुने विश्वास गरिएको छ ।

नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ मा शासकीय व्यवस्थालाई तीनवटा आयाममा परिभाषित गरी मापन गरिएको थियो । सर्वेक्षणले शासकीय व्यवस्थाको परिभाषालाई पनि बृहत पर्दै यसरी परिभाषित गरेको थियो "शासकीय व्यवस्था भनेको राज्यका साझा मूल्यमान्यताहरू (शासनका आधारहरू) मा आधारित भै लोकतान्त्रिक संरचना (शासकीय व्यवस्थाका पूर्वाधारहरू) मार्फत् राज्यका प्रतिवद्धतालाई सार्वजनिक हित र सेवा प्रदान (सेवा प्रवाह) गर्न राज्य वा राज्यबाट अधिकार निक्षेपण गरिएका संरचनाले अख्तियार प्रयोग गर्ने प्रणाली हो, जसले राज्य र नागरिकको सम्बन्धलाई परिभाषित र बलियो बनाउँछ"।

(Governance is defined as a system or process for the exercise of authority by state authorities and other entities, in reference to broadly shared values (foundation of governance) and through democratically-established institutional mechanisms (infrastructure of governance) that deliver on the state's commitments for public goods and services (service delivery) that together define and consolidate the relationship between the state and citizens.)

उल्लेखित परिभाषाको आधारमा शासकीय व्यवस्थालाई निम्न आयामहरूमा मापन गरिएको थियो:

१. शासकीय व्यवस्थाका आधारहरू

- नागरिक आवाज र सहभागिता
- सार्वजनिक संस्थाको इमान्दारिता र उत्तरदायित्व
- सामाजिक न्याय र समावेशीकरण
- कानूनको शासन

२. शासकीय व्यवस्थाका पूर्वाधार संरचनाहरू

- निर्वाचन
- संविधान र संवैधानिक प्रावधान
- प्रादेशिक र स्थानीय सरकार
- राजनीतिक संस्थाहरू
- सामाजिक सम्बन्ध र नागरिक सचेतना
- सूचना र संचार
- सामाजिक सुरक्षा र संरक्षण

३. सेवा प्रवाह

- सार्वजनिक सेवाप्रतिको अनुभव
- सेवा प्राप्त गर्नमा सहयोग
- सेवा प्राप्त गर्न गरिएका प्रयासहरू

- सेवाका बारेमा जानकारीका श्रोतहरू
- सेवाको शुल्क र अतिरिक्त खर्च
- सार्वजनिक सेवाको वातावरण
- सेवाको सन्तुष्टी

१.२ लुम्बिनी प्रदेशको परिचय

नेपालको संविधानको धारा ५६ (१) ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गर्नका साथै धारा ५६(२) ले नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान र कानून वमोजिम गर्ने व्यवस्था गरेको छ । संविधानको अनुसूची ४ ले नेपाललाई सातवटा प्रदेशमा विभाजन गरेको छ । सातवटा प्रदेश भएको संघीय शासन प्रणाली अन्तर्गत लुम्बिनी प्रदेशमा बर्दघाट-सुस्ता पश्चिम नवलपरासी, रूपन्देही, कपिलबस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, पूर्वीभाग रूकुम, रोल्पा, प्युठान, दाङ, बाँके र वर्दिया गरी १२ वटा जिल्लाहरू छन् । तेस्रो ठूलो प्रदेशको रूपमा लुम्बिनी प्रदेशले नेपालको कुल क्षेत्रफलको १५.१ प्रतिशत हिस्सा ओगटेको छ, जसको क्षेत्रफल २२,२८८ वर्ग किलोमिटर रहेको छ ।

लुम्बिनी प्रदेशमा चार उपमहानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका गरी कुल १०९ वटा स्थानीय तहहरू रहेका छन्, जसमा ९८३ वटा वडाहरू रहेका छन् । नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार यस प्रदेशमा ८,८४,७५७ घरपरिवारका ४४,९९,२७२ नागरिक बसोवास गर्दछन् । जसमा पुरूषको जनसंख्या २१,४०,३१६ (४७.५७%) र महिलाको जनसंख्या २३,५८,९५६ (५२.४३%) रहेको छ । यो प्रदेशमा १०१ जातजाति रहेका छन् त्यसैगरी ४४ वटा भाषा बोल्ने मानिसहरू बसोबास गर्दछन् । यस प्रदेशमा गाउँपालिकाको क्षेत्रफल ६२.६ प्रतिशत र नगरपालिकाको क्षेत्रफल ३७.४ प्रतिशत रहेको छ । कुल जनसंख्या मध्ये ५२ प्रतिशत नगरपालिकाहरूमा र ४८ प्रतिशत गाउँपालिकाहरूमा बसोबास गर्दछन् । लुम्बिनी प्रदेशमा २६ वटा प्रतिनिधि सभा निर्वाचन क्षेत्र र ५२ वटा प्रदेश सभा निर्वाचन क्षेत्रहरू रहेका छन् ।

१.३ सर्वेक्षण विधि

नेपालको संविधान २०७२ जारी भएसँगै नेपाल नयाँ शासकीय प्रणालीमा प्रवेश गर्यो । यो ऐतिहासिक परिवर्तनले नेपाली राज्य संरचनालाई एकात्मक केन्द्रिकृत राज्यबाट संघीय गणतन्त्रमा रूपान्तरण गरेको छ । राज्य रूपान्तरणको ऐतिहासिक क्रममा नेपालको शासकीय प्रणालीका विभिन्न आयामहरूमा नागरिकहरूको धारणा बुझ्ने उद्देश्यले नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ गरिएको थियो । सर्वेक्षणमा देशभरीबाट जम्मा १२८७२ नागरिकहरूसँग अन्तर्वार्ताको माध्यमबाट तथ्याङ्क संकलन गरिएको थियो । तथ्याङ्क संकलन गर्न जिल्ला, नगरपालिका/गाउँपालिका,

मतदानकेन्द्र तथा व्यक्ति गरी कुल चार तहमा नमुना छनौट गरिएको थियो । २०७४ सालमा सम्पन्न भएको स्थानीय, प्रदेश र संघको निर्वाचनको लागि निर्वाचन आयोगले तयार गरेको मतदाता नामावलीबाट बैज्ञानिक बिधि प्रयोग गरी उत्तरदाताहरू छानिएका थिए । सात वटा प्रदेश र भौगोलिक क्षेत्र (हिमाल, पहाड र तराई) को आधारमा ७७ वटा जिल्लामध्ये ४३ जिल्ला छनौट भएका थिए । ती जिल्लाहरूबाट ८८ नगरपालिका र ७५ गाँउपालिका गरी १६४ स्थानीय तहहरू छानिएको थियो । यसै गरी नगरपालिकाहरूबाट ३०० र गाँउपालिकाहरूबाट ३४६ गरी जम्मा ६४६ मतदान केन्द्रहरू छानिएको थियो र प्रत्येक मतदान केन्द्रबाट २० जना मतदाताहरूलाई मुख्य उत्तरदाता र १० जना बैकल्पिक उत्तरदाता छानिएको थियो । लुम्बिनी प्रदेशमा नगरपालिकाहरूबाट ८४१ र गाँउपालिकाहरूबाट ८३७ गरी जम्मा १६७८ नागरिकहरूसँग अन्तर्वार्ता गरी तथ्याङ्क संकलन गरिएको थियो ।

सर्वेक्षणको प्रश्नावली केन्द्रीय तथ्यांक विभाग, सरकारी प्रतिनिधि, गैरसरकारी संस्था, नागरिक समाज, अनुसन्धान संस्थाहरू, प्राज्ञिक व्यक्ति र अन्य सरोकारवालाहरूसँगको छलफल/अन्तरक्रिया र बिषय विज्ञको सहयोगबाट तयार गरिएको थियो । प्रश्नावलीलाई विभिन्न चरणको परीक्षण र पुनरावलोकन गरी KoboCollect तथ्याङ्क संकलन सफ्टवयरमा प्रविष्ट गरिएको थियो । तथ्याङ्क संकलनको लागि स्थलगत कार्य गर्न जम्मा १७ क्लस्टर (प्रत्येकमा २ देखि ४ जिल्ला) बनाइ हरेकमा ३ देखि ५ तथ्याङ्क संकलन कर्ता खटाइएको थियो । तथ्यांक संकलनको कार्य २०७४ पुसदेखि फागुनसम्म गरिएको थियो । संकलन गरिएको तथ्यांकलाई विषय विज्ञहरूले परीक्षण गरेका थिए भने केन्द्रीय तथ्याङ्क विभागको परामर्शमा आवश्यक सम्पादन गरिएको थियो ।

१.४ उत्तरदाताको परिचय

लुम्बिनी प्रदेशका कुल उत्तरदाता मध्ये ५०.१ प्रतिशत शहरी क्षेत्र वा नगरपालिकाका बासिन्दा थिए भने ४९.९ प्रतिशत ग्रामीण क्षेत्र वा गाउँपालिकाका बासिन्दा थिए । जातजाति अनुसार तराई जनजाति समूहका उत्तरदाताहरूको सहभागिता सबै भन्दा बढी (२५.६%) रहेको थियो भने सवैभन्दा कम नेवार जातिको (१.२%) थियो । त्यस्तै, सर्वेक्षणमा मुसलमान २.१ प्रतिशत, तराई जाति ५.४ प्रतिशत, पहाडे ब्राह्मण/संन्यासी ११.७ प्रतिशत, दलित १२.८ प्रतिशत, पहाडे क्षेत्री/ठकुरी १७.९ प्रतिशत र पहाडे जनजाति २३.४ प्रतिशतको सहभागिता थियो ।

सर्वेक्षणमा २५ देखि ३९ बर्ष उमेर समूहको ३६ प्रतिशत, ४० देखि ५९ बर्ष समूहबाट ३४.७ प्रतिशत र १८ देखि २४ बर्ष तथा ६० बर्ष र सो भन्दामाथि समूहबाट समान १४.७ प्रतिशत उत्तरदाताहरू सहभागी थिए ।

त्यसैगरी सर्वेक्षणमा सहभागी उत्तरदाताहरूमध्ये ३० प्रतिशत निरक्षर, १८.१ प्रतिशत पढन लेख्न जान्ने तर औपचारिक शिक्षा नपाएका, २८.६ प्रतिशत आधारभूत तह, १९.२ प्रतिशत माध्यमिक तह र मात्र ४.२ प्रतिशत उच्च शिक्षा हासिल थिए । पेशागत हिसाबले ३१.२ प्रतिशत कृषि पेशा, २६.४ प्रतिशत घरायसी काम, १२.९ प्रतिशत सार्वजनिक वा निजी क्षेत्रको जागिर, ८.९ प्रतिशत व्यापार र ८.२ प्रतिशत ज्यालादारीमा संलग्न रहेको पाइयो । त्यस्तै, ५८.८ प्रतिशत उत्तरदाताहरूले आँफूलाई मध्यम स्तरको आर्थिक अवस्थामा भएको बताए भने, ४०.१ प्रतिशतले आँफूलाई गरीव र १.१ प्रतिशत धनी वर्गमा राखेका थिए ।

१.५ प्रतिवेदनको ढाँचा

यो प्रतिवेदन मूलतः पाँच भागमा विभाजित छ । पहिलो परिच्छेद्मा परिचय र पृष्ठभूमि, प्रदेशको संक्षिप्त जानकारी, सर्वेक्षणको विधि र सर्वेक्षणमा सहभागी उत्तरदाताको सामाजिक र जनसांख्यिक विशेषताहरू उल्लेख गरिएको छ । प्रतिवेदनको परिच्छेद् २ मा शासकीय व्यवस्थाको आधार, परिच्छेद् ३ मा शासकीय व्यवस्थाका पूर्वाधार र परिच्छेद् ४ मा सार्वजनिक सेवा प्रवाहका तथ्यांकहरू विश्लेषण गरिएको छ । परिच्छेद् ५ मा नागरिकहरूको देश र समाजको आगामी अवस्था प्रतिको धारणालाई प्रस्तुत गरिएको छ ।

परिच्छेद
२

शासकीय व्यवस्थाको आधार

नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ ले नागरिक आवाज र सहभागिता, इमान्दारिता तथा जवाफदेहिता, न्याय तथा सामाजिक समावेशिता र विधिको शासनलाई शासकीय व्यवस्थाको आधारको रूपमा परिभाषित गरेको थियो । यस परिच्छेद्मा शासकीय व्यवस्थाको आधारहरूको बारेमा वर्णन गरिएको छ । स्थानीय संगठन तथा समितिहरूका साथै स्थानीय विकास योजनाका गतिविधिहरूमा नागरिकको सहभागिता, सरकारी र सार्वजनिक संस्थाहरूप्रति नागरिकको धारणा, सामाजिक न्याय, सार्वजनिक सेवामा पहुँच र कानूनको शासनको बारेमा नागरिकको धारणाको बिश्लेषण यस परिच्छेद्मा गरिएको छ ।

२.१ नागरिक आवाज र सहभागिता

सर्वेक्षणमा नागरिकहरूलाई उनीहरूका क्षेत्रमा हुने गरेका विभिन्न गतिविधिहरूमा सहभागिताको बारेमा प्रश्न सोधिएको थियो । विशेषरूपमा उनीहरूलाई उनीहरूको आफ्नो क्षेत्रमा हुने विभिन्न गतिविधिहरू (जस्तैः धर्ना, घेराउजस्ता विरोध कार्यक्रम; सांस्कृतिक/जातीय/धार्मिक र्‍याली, बैठक; वडा/गाउँको भेला; राजनीतिक दलको अभियान/ र्‍याली/आमसभा; स्थानीय तहको योजना/बजेट बैठक; उपभोक्ता समूहका बैठकहरू; स्वयंसेवा/ समाजसेवा; विद्यालयमा हुने अभिभावक शिक्षक वैठक; र सामाजिक सञ्जाल अभियानहरू); र समुदायको योजना निर्माणका प्रक्रियामा हुने सहभागिता सम्वन्धमा सोधिएको थियो । चित्र १ मा देखाए अनुसार लुम्बिनी प्रदेशका नागरिकहरूमा सबैभन्दा बढी (६३%) स्वयंसेवा तथा समाजसेवाका कार्यहरूमा सहभागिता भएको पाइयो । मुख्यरूपमा उनीहरू टोलसुधार, वृक्षारोपण, सरसफाई, खोप लगायतका सामाजिक क्रियाकलापमा सहभागी हुने गरेको पाईयो । त्यसैगरी वडा तथा गाउँ भेला ६२ प्रतिशत नागरिकहरू नियमित वा कहिलेकाँही सहभागी हुने गरेको पाइयो । अर्कोतर्फ धर्ना, घेराऊ जस्ता विरोध कार्यक्रममा ज्यादै न्यून (६%) सहभागिता रहेको पाईयो । सामाजिक सञ्जाल प्रयोग गर्ने र त्यसमा हुने विभिन्न अभियानमा सहभागी हुने नागरिकहरूको अनुपात २९ प्रतिशत थियो । यसो हुंदाँहुदै पनि ३३ प्रतिशत मात्र नागरिकहरूले स्थानीय तहको योजना/वजेट बैठकहरूमा सहभागी हुने गरेको भन्ने उत्तर दिनुले स्थानीय स्तरमा हुने विकास निर्माणका क्रियाकलापमा नागरिकको सहभागिता अझै बृद्धि गर्नुपर्ने देखिन्छ ।

करिव १२ प्रतिशत नागरिकहरू विद्यालयमा हुने अभिभावक शिक्षक वैठकमा बारम्बार सहभागी हुने गरेको पाइयो भने स्वयंसेवा तथा समाजसेवाका कार्यहरूमा करिव १० प्रतिशत र वडा तथा गाउँ भेला करिव ९ प्रतिशत नागरिकको नियमित सहभागिता हुने गरेको पाइयो ।

चित्र १. आफ्नो क्षेत्रका विभिन्न गतिविधिहरूमा सहभागिता (संख्या= १६७८, % मा)



नोटः प्रत्येक गतिविधिको योग १०० छ, चित्रमा कहिल्यै सहभागी हुन्न र थाहा छैन/भन्न सक्दिन भनि उत्तर दिनेको संख्या समावेश गरिएको छैन ।

चित्र २ मा सामाजिक तथा जनसाङ्ख्यिक विशेषताहरूको आधारमा समुदायको योजना निर्माणका क्रियाकलाप वा छलफलमा सहभागी हुने नागरिकको तथ्याङ्क प्रस्तुत गरिएको छ । पालिकागत तथ्याङ्कलाई विश्लेषण गर्दा गाउँपालिकाका नागरिकभन्दा केही मात्रमा बढी नगरपालिकाका नागरिकहरू समुदायको योजना निर्माणका क्रियाकलाप वा छलफलमा सहभागी हुने गरेको पाईयो । त्यसैगरी महिलाभन्दा पुरूषहरू समुदायको योजना निर्माणका क्रियाकलाप वा छलफलमा बढी सहभागी हुने गरेको पाईयो । त्यस्तै ४०-४९ उमेर समूहका नागरिकहरू (३९%) समुदायको योजना निर्माणका क्रियाकलाप वा छलफलमा सबैभन्दा बढी सहभागी हुने गरेको पाईयो भने सबैभन्दा कम सहभागी हुनेमा ६० र सो भन्दामाथि उमेर समूहका नागरिक (२६%) रहेको पाईयो ।

चित्र २. समुदायको योजना निर्माणका क्रियाकलाप वा छलफलमा सहभागिता (संख्या= १६७८, % मा)



नोट: चित्रमा सहभागी भएको छैन र थाहा छैन/भन्न सक्दिन भनि उत्तर दिनेको संख्या समावेश गरिएको छैन ।

उच्च शिक्षा हासिल गरेका ५१ प्रतिशत नागरिकहरू समुदायको योजना निर्माणका क्रियाकलाप वा छलफलमा सहभागी हुने गरेको पाईयो भने सबैभन्दा कम सहभागी हुनेमा निरक्षर समूहका नागरिक (१८%) रहेको पाईयो । त्यस्तै, बढी मात्रमा सहभागी हुनेमा पहाडे ब्राह्मण/संन्यासी (४९%) र पहाडे क्षेत्री/ठकुरी (४५%) रहे भने कम सहभागी हुनेमा तराई जाति (२०%) र दलित (२६%) रहेको पाईयो । पेशागत रूपमा सेवा क्षेत्रमा कार्य गर्ने नागरिकहरू (५३%) बढी सहभागी भएको पाइयो भने कम सहभागी हुनेहरूमा वेरोजगार (२४%) र ज्याला मजदुरी गर्ने (२५%) रहेको पाईयो । त्यस्तै, बढी मात्रामा मध्यम स्तरका नागरिकहरू (४१%) समुदायको योजना निर्माणका क्रियाकलाप वा छलफलमा सहभागी हुने गरेको पाईयो ।

२.२ सार्वजनिक तथा राजनैतिक संस्थाहरूको इमान्दारिता जवाफदेही

सर्वेक्षणमा विभिन्न सरकारी तथा गैर-सरकारी संस्थाहरू प्रति नागरिकहरूको विश्वास र भरोसाका साथै सदाचार तथा जवाफदेहिताका सम्वन्धमा प्रश्नहरू सोधिएको थियो । त्यसमापनि विभिन्न सरकारी तथा गैर-सरकारी संस्था वा समूहको ईमान्दारिता, सरकार तथा सरकारी कर्मचारीहरूको भ्रष्टाचार नियन्त्रणमा गर्ने पहल र सरकारी अधिकारीहरूको जवाफदेहिताको अभ्यास सम्वन्धी धारणाको वारेमा प्रश्नहरू थिए ।

चित्र ३. सार्वजनिक तथा राजनैतिक संस्थाहरूको ईमान्दारिता (संख्या= १६७८, % मा)



नोटः चित्रमा त्यति ईमान्दार छैनन्, विल्कुलै ईमान्दार छैनन् र थाहा छैन/भन्न सक्दिन भनि उत्तर दिनेको संख्या समावेश गरिएको छैन ।

चित्र ३ ले देखाए जस्तै लुम्बिनी प्रदेशका नागरिकहरूले सबैभन्दा ईमान्दार (पूर्ण वा आंशिक) ठानेका मुख्य तीन संस्था वा समूहमा नेपाली सेना/आर्मी (८६%), मिडिया - टि.भी., रेडियो र पत्रपत्रिका (८४%) र उपभोक्ता समूह - वन, अन्य बिकास क्रियाकलापहरू सम्वन्धी आदि (८३%) रहेका छन् । त्यस्तै, नागरिकहरूले कम ईमान्दार (पूर्ण वा आंशिक) ठानेका प्रमुख तीन संस्था वा समूहमा मन्त्री (४२%), व्यापारी (४४%) र राजनीतिक दलहरू (४५%) रहेका छन् । त्यसैगरी, नागरिक नागरिक समाजका संगठनहरू (अधिकारकर्मी, स्वतन्त्र व्यक्तिहरूको समूह, सामाजिक अभियन्ताहरू आदि) लाई ७६ प्रतिशत नागरिकले ईमान्दार ठानेका छन् भने गैरसरकारी संस्थाहरूलाई ६६ प्रतिशत, प्रहरीलाई ५८ प्रतिशत, सरकारी कर्मचारीलाई ६३ प्रतिशत, अदालतलाई ७१ प्रतिशत, स्थानीय सरकारलाई ७७ प्रतिशत,र सांसदलाई ४७ प्रतिशत नागरिकहरूले पूर्ण वा आंशिक ईमान्दार ठानेको पाईयो ।

सर्वेक्षणमा भ्रष्टाचार नियन्त्रण सम्वन्धमा सरकारको दृष्टिकोणप्रति प्रश्नहरू गरिएको थियो । चित्र ४ मा नागरिकको %सामाजिक तथा जनसाङ्ख्यिक विशेषताको आधारमा भ्रष्टाचार नियन्त्रण सम्वन्धमा सरकार प्रतिको धारणाप्रस्तुत गरिएको छ । पालिकागत तथ्याङ्कलाई विश्लेषण गर्दा नगरपालिकाका भन्दा गाउँपालिकाका नागरिकहरू (क्रमशः ४५ र ५१%) सरकारले चाहेमा भ्रष्टाचार नियन्त्रण गर्न सक्छ भन्नेमा बढी सकारात्मक रहेको पाईयो । तथापि नगरपालिका र गाउँपालिका दुबैबाट २५ प्रतिशत नागरिकहरूले सरकारले भ्रष्टाचार नियन्त्रण गर्न सक्दैन भन्ने धारणा व्यक्त गरे भने नगरपालिकाका २४ प्रतिशत र गाउँपालिकाका १५ प्रतिशत नागरिकहरूले सरकार भ्रष्टाचार नियन्त्रण गर्न चाहदैन भन्ने धारणा राख्नुले सरकारप्रति नागरिकहरू विश्वस्त हुन नसकेको संकेत गर्छ ।

तुलनात्मक रूपमा पुरूषभन्दा महिलाहरू (क्रमशः ४४ र ५२%) सरकारले चाहेमा भ्रष्टाचार नियन्त्रण गर्न सक्छ भन्नेमा बढी सकारात्मक रहेको पाईयो । त्यस्तै, अन्य उमेर समूहभन्दा ४०-५९ बर्ष उमेर समूहका ब्यक्तिहरू भ्रष्टाचार नियन्त्रणको सन्दर्भमा सरकारको भूमिकाप्रति बढी सकारात्मक रहेको पाईयो । यो उमेर समूहका ५० प्रतिशत नागरिकले सरकारले चाहेमा भ्रष्टाचार नियन्त्रण गर्न सक्छ भन्ने धारणा व्यक्त गरेका छन् । भ्रष्टाचार नियन्त्रणका सम्वन्धमा १८-२४ बर्षका युवा समूहको धारणा भने फरक रहेको पाईयो । यो उमेरका करिव एक चौथाईले सरकारले भ्रष्टाचार नियन्त्रण गर्न सक्दैन र सरकार भ्रष्टाचार नियन्त्रण गर्न चाहदैन भन्ने सहमित जनाएका छन् । यसले युवाहरूको सरकार र सरकारी कर्मचारीहरूले भ्रष्टाचार नियन्त्रणको लागि गर्ने पहल प्रति त्यति सन्तुष्ट हुन नसकेको संकेत गर्दछ । नागरिकको शिक्षाको स्तर बृद्धि हुँदै जाँदा भ्रष्टाचार नियन्त्रणमा सरकारको पहलप्रति शंकाको दृष्टिले हेर्ने गरेको पाइयो । उच्च शिक्षा हासिल गरेका ४० प्रतिशतले सरकार भ्रष्टाचार नियन्त्रण गर्न चाहदैन भन्ने धारणा प्रति सहमति जनाएका थिए ।

चित्र ४. भ्रष्टाचार नियन्त्रण सम्वन्धमा सरकारप्रतिको धारणा (संख्या= १६७८, % मा)



नोट: चित्रमा थाहा छैन/भन्न सक्दिन भनि उत्तर दिनेको संख्या समावेश गरिएको छैन ।

सर्वेक्षणमा नागरिकहरूलाई सर्वेक्षण अघिको १२ महिनामा तपाईले वा तपाईका परिवारका कसैले सरकारी वा सार्वजनिक सेवा प्राप्त गर्दा घुस तिरेको वा कसैले घुस मागेको थियो भनि प्रश्न सोधिएको थियो । चित्र ५ मा सरकारी वा सार्वजनिक सेवा प्राप्त गर्दा नागरिकले घुस तिरेको वा मागिएको तथ्याङ्क प्रस्तुत गरिएको छ ।

चित्र ५. सर्वेक्षणअघिको १२ महिनामा सरकारी वा सार्वजनिक सेवा प्राप्त गर्दा घुस तिरेको वा कसैले घुस मागेको (संख्या= १६७८, % मा)



नोटः चित्रमा घुस तिरेको वा कसैले घुस मागेको छैन, सार्वजनिक सेवा लिएको छैन र थाहा छैन/भन्न सक्दिन भनि उत्तर दिनेको संख्या समावेश गरिएको छैन ।

सर्वेक्षणले नागरिकभन्दा नगरपालिकाका नागरिकहरूले बढी मात्रामा (क्रमशः ४ र ७%) सरकारी वा सार्वजनिक सेवा प्राप्त गर्दा घुस तिर्ने गरेको वा घुस मागिएको देखाएको छ । त्यसैगरी महिला भन्दा पुरूषहरूले बढी मात्रामा (क्रमशः ४ र ७%) घुस तिरेको वा मागिएको अनुभव गरेका थिए । उमेर समूह अनुसार, युवाहरूको तुलनामा ६० र सो भन्दामाथि उमेर समूहका नागरिकहरूले बढी मात्रामा (८%) घुस तिरेको वा मागिएको अनुभव गरेका थिए ।

अन्यको तुलनामा उच्च शिक्षा हासिल गरेका नागरिकहरू (१३%) बढी मात्रामा सरकारी वा सार्वजनिक सेवा प्राप्त गर्दा घुस तिरेको वा घुस मागिएको अनुभव गरेका थिए । त्यसैगरी सबैभन्दा बढी तराई जनजाति (८%) र त्यसपछि पहाडे ब्राह्मण/संन्यासी (७%) र त्यसपछि तराई जाति (६%) ले सरकारी वा सार्वजनिक सेवा प्राप्त गर्दा घुस तिरेको वा घुस मागिएको अनुभव गरेका थिए भने सबैभन्दा कम घुस तिरेको वा घुस मागेको भन्नेमा नेवार (शून्य प्रतिशत) र पहाडे क्षेत्री/ठकुरी (३%) रहेको पाईयो । पेशागत रूपमा हेर्दा अन्यको तुलनामा सार्वजनिक वा निजी क्षेत्रको सेवामा रहेका नागरिकहरू (९%) ले केही बढी मात्रमा घुस तिरेको वा मागिएको बताए भने सबैभन्दा कम घरायसी काम र व्यापार (दुवै ३%) गर्ने समूहका नागरिक रहेको पाइयो । त्यस्तै, आर्थिक अवस्थाका हिसावले धनी नागरिकहरू (११%) बढी मात्रामा सरकारी वा सार्वजनिक सेवा प्राप्त गर्दा घुस तिर्ने वा घुस मागिने समूहमा रहेको पाईयो ।

२.३ सामाजिक जवाफदेहिताका औजारहरूमा नागरिक सहभागिता

सर्वेक्षणमा नागरिकहरूलाई सरकारले सार्वजनिक सेवा र विकास निर्माणका परियोजनाहरूमा सरकारी अधिकारीहरूलाई जवाफदेही बनाउन अभ्यासमा ल्याएका बिभिन्न जवाफदेहिताका विधिहरूको जानकारी तथा सहभागिता सम्बन्धी प्रश्न गरेको थियो । लुम्बिनी प्रदेशका नागरिकहरूमा त्यस्ता सामाजिक जवाफदेहिताका विधिहरूको वारेमा सुन्ने वा दख्ने वा सहभागी हुनेको प्रतिशत कम्तिमा ३१ रहेको पाईयो । सबैभन्दा धेरै (७२%) नागरिकहरूले परियोजनासँग सम्बन्धित जानकारीमूलक वोर्डहरू राखेको देखेको वा सुनेको पाइयो । यसले सरकारले विकास निर्माणका परियोजनाहरूमा सरकारी अधिकारीहरूलाई जवाफदेही वनाउने अभ्यासमा ल्याएको यो विधि प्रति नागरिकलाई उल्लेख्य जानकारी भएको सहभागिता देखाउँछ । तथापि, लगभग ४३ प्रतिशत नागरिकहरूले सामाजिक परीक्षण र लगभग ३७ प्रतिशत नागरिकहरूले सार्वजनिक सुनुवाई सुनेको वा देखेको छैन भनि भन्नुले सरकारले आफ्ना अधिकारीहरूलाई जवाफदेही बनाउन प्रयोगमा ल्याउने विधिहरूलाई अझ जनसमक्ष पुर्याउन र त्यसको सहभागितामूलक अभ्यासमा जोड दिनुपर्ने देखिन्छ ।

चित्र ६. सरकारी अधिकारीहरूलाई जवाफदेही बनाउने अभ्यासका विधिहरू प्रतिको जानकारी वा सहभागिता (संख्या= १६७८, % मा)



नोटः चित्रमा थाहा छैन/भन्न सक्दिन भनि उत्तर दिनेको संख्या समावेश गरिएको छैन ।

२.४ न्याय तथा सामाजिक समावेशिता

सर्वेक्षणमा नागरिकलाई सरकारले न्याय स्थापना तथा सामाजिक समावेशिता कायम गर्नमा गरेका पहल सम्बन्धमा सोधिएको थियो । विशेषरूपमा उनीहरूलाई सरकारले उपलब्ध गराउने सार्वजनिक सेवाहरूमा समान पहुँच, समाजमा विभेदको अवस्था र कसैले विभेदको अनुभव गरे नगरे सम्वन्धमा सोधिएको थियो ।

सरकारले नागरिकलाई उपलब्ध गराएको सामाजिक सुरक्षा (जस्तै बृद्ध तथा अपाङ्गता भत्ता) मा सबैभन्दा धेरैले नागरिकले समान पहुँच (८९%) रहको बताए भने सबैभन्दा कम समान रूपमा पहुँच रहेको सेवामा वाढी/पहिरो/भूकम्प/अन्य विपद्पछिको सुरक्षा तथा सहयोग (४१%) रहेको बताए । जसमा सामाजिक सुरक्षामा समान पहुँच रहेको छ भन्नेमा ४४ प्रतिशत नागरिकहरू पूर्णरूपमा सहमत थिए भने ४५ प्रतिशत केही मात्रामा सहमत थिए । तर वाढी/पहिरो/भूकम्प/अन्य विपद्पछिको सुरक्षा तथा सहयोगमा समान पहुँच रहेको छ भन्नेमा मात्र ८ प्रतिशत नागरिकहरू पूर्णरूपमा सहमत थिए भने ३३ प्रतिशत केही मात्रामा सहमत थिए । त्यस्तै अन्य आधारभूत सेवाहरू (जस्तै खानेपानी, बिद्युत, शिक्षा र स्वास्थ्य) मा मध्यम समान पहुँच रहेको छ भन्नेमा आंशिक सहमत रहेको पाइयो ।

चित्र ७. सरकारले उपलब्ध गराउने सेवाहरूमा समान पहुँच सम्बन्धी धारणा (संख्या= १६७८, % मा)



नोट: चित्रमा केही मात्रामा असहमत, पूर्ण रूपमा असहमत र थाहा छैन/भन्न सक्दिन भनि उत्तर दिनेको संख्या समावेश गरिएको छैन ।

चित्र ८ मा नागरिकहरूलाई सोधिएको "सर्वेक्षण अघिको ५ वर्षको अनुभवका आधारमा हेर्दा हाम्रो समाजमा विभेदको अवस्था कस्तो देख्नुहुन्छ?" प्रश्नको तथ्याङ्कलाई प्रस्तुत गरिएको छ । लगभग ४२ प्रतिशत नागरिकहरूले सरकारी कार्यालयमा नागरिकहरूमाथि अझै पनि विभेद कायमै रहेको बताएका छन् भने ३८ प्रतिशत नागरिकहरूले प्रहरी कार्यालयले पनि विभेद गर्ने गरेको बताए । त्यस्तै, ३२ प्रतिशत नागरिकहरूले सार्वजनिक स्थान (यातायात, सडक, वजार, भोज) मा पनि विभेद हुने गरेको बताए भने ३१ प्रतिशतले समाजमा दलितहरूमाथि अझै पनि विभेद कायमै रहेको बताए । करिव १४ प्रतिशतले महिला/केटीहरूमाथि आफ्नो परिवारमा विभेद हुने गरेको स्वीकार गर्नुबाट हाम्रो समाजमा विभेद कायम रहेको संकेत गरेको छ । त्यस्तै, ३० प्रतिशत नागरिकहरूले छर-छिमेक (गाउँ टोल) मा अझै पनि कुनै न कुनै प्रकारको विभेद कायमै रहेको भन्ने धारणा राखेका छन् ।

चित्र ८ . समाजमा रहेको विभेदसम्वन्धी धारणा (संख्या= १६७८, % मा)



नोटः चित्रमा त्यति धेरै छैन, बिल्कुलै छैन र थाहा छैन/भन्न सक्दिन भनि उत्तर दिनेको संख्या समावेश गरिएको छैन ।

चित्र ९ मा नागरिकहरूलाई सोधिएको 'सर्वेक्षण अघिको १२ महिनामा, तपाई वा तपाईको परिवारको कसैले कुनै विभेदको अनुभब गर्नुभयो?' प्रश्नको तथ्याङ्कलाई प्रस्तुत गरिएको छ । समाजिक विभेदको अनुभवको बिश्लेषण गर्दा सबैभन्दा धेरै नागरिकहरू (२४%) ले आर्थिक आधारमा हुने विभेद वा वर्गीय विभेद अनुभव गरेको पाईयो भने १५ प्रतिशत नागरिकहरूले जातीय विभेद भोगेको बताए । त्यस्तै, १४ प्रतिशत नागरिकले राजनैतिक आवद्धता आधारमा हुने विभेदको अनुभव गरेको बताए भने १२ प्रतिशतले भाषाका आधारमा, ११ प्रतिशतले लैङ्गिक बिभेद, ११ प्रतिशतले भूगोल वा वासस्थानका आधारमा हुने विभेद र ८ प्रतिशतले क्षेत्रीय (मदेश वा मदेसी तथा पहाडे) विभेदको अनुभव गरेको बताए ।

चित्र ९. समाजिक विभेदको अनुभव (संख्या= १६७८, % मा)



नोटः चित्रमा कहिल्यै पनि गरेको छैन र थाहा छैन/भन्न सक्दिन भनि उत्तर दिनेको संख्या समावेश गरिएको छैन ।

२.५ विधिको शासन

कानूनको सर्वोच्चतालाई मान्ने शासकीय प्रणाली नै विधिको शासन हो । विधिको शासन नभएमा नागरिकका अधिकारको उपयोग र संरक्षण हुन सक्दैन । विधिको शासनले नागरिकको स्वतन्त्रता, सहभागिता र समानता सुनिश्चित गर्दछ । नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ मा नागरिकलाई सरकारले कानूनी शासनलाई पालना गर्दै न्याय तथा विधिको शासन स्थापना गर्न गरेको प्रयास सम्वन्धमा सोधिएको थियो । विशेषरूपमा उनीहरूलाई कानूनी शासनमा सर्वेक्षण अघिको ५ बर्षमा अन्याय, सुरक्षा चुनौती वा दुर्व्यवहारको अनुभवको सम्वन्धमा सोधिएको थियो ।

चित्र १० मा नागरिकहरूलाई सोधिएको "कानूनी शासन सम्वन्धमा सर्वेक्षण अघिको ५ बर्षमा कत्तिको सुधार आएको छ?" भन्ने प्रश्नमा नागरिकको धारणालाई प्रस्तुत गरिएको छ । बिगत ५ वर्षमा नागरिकहरूले एक अर्कासँग गर्ने व्यवहारमा उल्लेख्य सुधार आएको बताउने ८४ प्रतिशत रहेका थिए । यसले नेपाली समाजको बदलिदो स्वरूपलाई संकेत गर्दछ । त्यसैगरी, ७९

प्रतिशतले स्थानीय जनप्रतिनिधिले नागरिकप्रति गर्ने व्यवहारमा सुधार आएको बताएका थिए भने १८ प्रतिशतले उनीहरूको व्यवहार उस्तै रहेको बताएका थिए । त्यसैगरी, ७१ प्रतिशतले सरकारी कर्मचारीहरूले नागरिकप्रति गर्ने व्यवहारमा सुधार आएको धारणा राखेका थिए भने २४ प्रतिशतले व्यवहार उस्तै रहेको बताए । राजनीतिज्ञले नागरिकप्रति गर्ने व्यवहारको सन्दर्भमा ६४ प्रतिशतले सुधार आएको धारणा राखेका थिए भने २८ प्रतिशतले व्यवहार उस्तै रहेको बताए । सर्वेक्षणले नागरिकप्रति गर्ने व्यवहारमा कम मात्रामा सुधार आएको क्षेत्र/संस्थाहरूमा राजनीतिज्ञ (६४%) र अदालत (६५%) रहेको देखाएको छ ।

चित्र १०. नागरिकप्रति गरिने व्यवहारमा आएको सुधार (संख्या= १६७८, % मा)



नोटः चित्रमा अझै बिग्रेको छ र थाहा छैन/भन्न सक्दिन भनि उत्तर दिनेको संख्या समावेश गरिएको छैन ।

चित्र ११ मा नागरिकहरूलाई सोधिएको 'सर्वेक्षण अघिको १२ महिनाको अवधिमा, तपाई वा तपाईको परिवारको कसैले अन्याय, सुरक्षा चुनौती तथा दुर्व्यवहारको अनुभव गर्नुभएको छ?' भन्ने प्रश्नको उत्तरलाई प्रस्तुत गरिएको छ । करिव १८ प्रतिशत नागरिकले बारम्बार वा कहिलेकाही मौखिक (शाव्दिक र साङ्केतिक) दुर्व्यवहार भएको महसूस गरेका छन् भने करिव १४ प्रतिशतले आँफू बस्ने स्थानको वरिपरि एक्लै हिडँडुल गर्दा असुरक्षित महसूस गरेको, २१ प्रतिशतले आफ्नो टोल छिमेकमा कुनै अपराध होला कि भन्ने डर लागेको र ७ प्रतिशतले उजुरी गरेको अवस्थामा न्यायिक उपचार नपाएको अनुभव गरेको पाईयो । यसले नेपाली समाजमा अझै पनि नागरिकको दृष्टिकोणमा विधिको शासनमा चुनौतीहरू रहेको संकेत गर्दछ ।

चित्र ११. अन्याय, सुरक्षा चुनौती तथा दुर्व्यवहारको अनुभव (संख्या= १६७८, % मा)



नोटः चित्रमा कहिल्यै पनि छैन र थाहा छैन/भन्न सक्दिन भनि उत्तर दिनेको संख्या समावेश गरिएको छैन ।

परिच्छेद ३

शासकीय व्यवस्थाका पूर्वाधारहरू

नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ ले निर्वाचन, संविधान र संवैधानिक प्रावधानहरू, संवैधानिक स्वतन्त्रताको अनुभूति, प्रादेशिक तथा स्थानीय सरकार, राजनीतिक संस्थाहरू, सामाजिक आवद्धता तथा नागरिक चेतना, सूचना तथा सञ्चार र सामाजिक सुरक्षालाई शासकीय व्यवस्थाका पूर्वाधारको रूपमा परिभाषित गरेको थियो । यस परिच्छेद्मा शासकीय व्यवस्थाका पूर्वाधारमा नागरिकको धारणालाई प्रस्तुत गरिएको छ । प्रतिनिधि सभा तथा प्रदेशको चुनावमा सहभागिता, निर्वाचनका बेलामा घटेका घटनाहरू, चुनावको गुणस्तरीयता, संविधानको बारेमा जानकारी, प्रादेशिक तथा स्थानीय सरकारको प्राथमिकता, स्थानीय सरकारको काम कारवाही, शासकीय प्रणालीमा सुधार, नेपालका राजनीतिक दल र तिनका क्रियाकलाप, सरकारको सार्वजनिक सूचना प्रक्रिया र त्यसको गुणस्तरका बारेमा नागरिकको अभिमतलाई विश्लेषण गरिएको छ ।

३.१ निर्वाचनमा सहभागिता

निर्वाचन लोकतन्त्रको एक महत्वपूर्ण प्रक्रिया हो जसमा नागरिकहरूले आफ्ना प्रतिनिधिलाई चुन्दछन् । यसै सन्दर्भमा नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ मा नागरिकलाई चुनावमा सहभागिता र चुनावको गुणस्तरीयता सम्वन्धमा सोधिएको थियो ।

चित्र १२ मा %सामाजिक तथा जनसाङ्ख्यिक विशेषताहरूको आधारमा २०७४ सालमा सम्पन्न संघ, प्रदेश वा स्थानीय तहको निर्वाचनमा सहभागी हुनेहरूको तथ्याङ्क प्रस्तुत गरिएको छ । तथ्यांकले लुम्बिनी प्रदेशका नागरिकहरूको निर्वाचनमा उल्लेख्य सहभागिता रहेको देखाएको छ । सो प्रदेशबाट सर्वेक्षणमा सहभागीमध्ये कम्तिमा ८३ प्रतिशत नागरिक निर्वाचनमा सहभागी हुनुले निर्वाचनप्रतिको जनविश्वासलाई संकेत गर्दछ ।

पालिकागत तथ्याङ्कलाई विश्लेषण गर्दा गाउँपालिकाको भन्दा नगरपालिकाका नागरिकहरूले बढी मात्रामा (क्रमशः ९० र ९२%) निर्वाचनमा सहभागी भएको पाईयो । त्यसैगरी, पुरूषभन्दा महिलाहरू (क्रमशः ८९ र ९३%), ६० र सो भन्दामाथि उमेर समूह र ४०-४९ उमेर समूहका नागरिकहरूले बढी मात्रामा (दुवै ९३%) निर्वाचनमा सहभागी भएको पाइयो भने तुलनात्मक रूपमा १८-२४ उमेर समूह (८५%) को सहभागिता कम रहेको पाइयो ।

चित्र१२. संघ, प्रदेश वा स्थानीय तहको निर्वाचनमा सहभागिता (संख्या= १६७८, % मा)



नोटः चित्रमा मतदान गरीन र थाहा छैन/भन्न सक्दिन भनि उत्तर दिनेको संख्या समावेश गरिएको छैन ।

शैक्षिक अवस्थाको आधारमा विश्लेषण गर्दा निरक्षर र पढ्न लेख्न सक्ने तर औपचारिक शिक्षा नभएको समूहका नागरिकहरू (दुवै ९४%) ले बढी मात्रामा निर्वाचनमा सहभागिता भएको पाईयो भने उच्च शिक्षा हासिल गरेकाहरूको सहभागिता भने ८३ प्रतिशत रहेको पाइयो । यसरी हेर्दा शिक्षाको स्तर बृद्धि हुँदै जादा निर्वाचनमा सहभागिता कम हुनुले शिक्षित नागरिकहरूमा निर्वाचनप्रति कम बिश्वास भएको संकेत गर्दछ । जातिगत रूपमा हेर्दा सबैभन्दा बढी मुसलमान (१००%) र त्यसपछि नेवार (९५%) र त्यसपछि पहाडे जनजाति र तराई जाति (दुवै ९३%) ले निर्वाचनमा सहभागिता जनाएको पाईयो भने सवैभन्दा कम पहाडे क्षेत्री/ठकुरी (८९%) र त्यसपछि तराई जनजाति र दलित (दुवै ९०%) को सहभागिता रहेको पाइयो ।

पेशागत रूपमा हेर्दा व्यापार (९५%) गर्ने नागरिकहरूको सहभागिता उच्च रहेको थियो भने वेरोजगार (८३%) हरूको सहभागिता सबैभन्दा कम रहेको थियो । त्यस्तै आर्थिक रूपमा आँफूलाई गरीव समूह र मध्यम समूहमा राख्ने नागरिकहरू (दुवै ९१%) को सहभागिता धनी समूहमा राख्नेको भन्दा बढी भएको पाइयो ।

चित्र १३. निर्वाचनको समयमा घटेका घटनाहरू (संख्या= १५२६, % मा)



नोट: निर्वाचनमा सहभागी हुनेहरू मात्र । चित्रमा थाहा छैन/भन्न सक्दिन भनि उत्तर दिनेको संख्या समावेश गरिएको छैन ।

चित्र १३ मा "निर्वाचनका बेला तपाईको मतदान केन्द्र वा क्षेत्रमा कुनै घटना भएको देख्नुभयो वा सुन्नुभयो?" भन्ने प्रश्नमा नागरिकको अभिमतलाई प्रस्तुत गरिएको छ । निर्वाचनका बेला ११ प्रतिशत नागरिकले आफ्नो मतदान केन्द्र वा क्षेत्रमा मतदाता सूचीमा नाम नभएकाले मतदान नगरी फर्केको देखेको वा सुनेको वताए भने ७ प्रतिशतले मतदान केन्द्र वा क्षेत्रमा राजनीतिक दल वा उम्मेदवारले पैसा, खाद्यान्न, रक्सी वा अन्य उपहार बाँडेको देखेको वा सुनेको वताए ।

त्यसैगरी ९७ प्रतिशतभन्दा बढी नागरिकले कसैले एकपटकभन्दा बढी मतदान गरेको देखें/सुनेंको, कुनै दल वा उम्मेदवार विशेषका लागि मतदान गर्न कसैलाई दबाब दिएको, दलका उम्मेदवार/कार्यकर्ताहरू आपसमा झगडा गरेको, बुथ कब्जा गरेको, जानाजानी मतपत्र बिगारेको जस्ता कुनै पनि घटनाहरू भएको नदेखेको वा नसुनेको बताउनुले लुम्बिनी प्रदेशमा निर्वाचन सहज रूपमा सम्पन्न भएको संकेत गर्दछ ।

चित्र १४. निर्वाचनको गुणस्तरीयता (संख्या= १५२६, % मा)



नोटः चित्रमा निर्वाचनमा सहभागी हुनेलाई मात्र राखिएको छ, केही मात्रामा असहमत, पूर्ण रूपमा असहमत र थाहा छैन/भन्न सक्दिन भन्नेको संख्या समावेश गरिएको छैन ।

चित्र १४ मा निर्वाचनको गुणस्तरीयता सम्वन्धी नागरिकको धारणा प्रस्तुत गरिएको छ । लगभग सबै नागरिकहरू (९९%) ले आँफूले चाहेको उम्मेदवार छान्नमा कसैको अवरोध नरहेको, ९६ प्रतिशतले मतदान गर्ने सुविधाहरू सहज भएको र ९१ प्रतिशतले मतदातालाई मतपत्र बुझ्न सजिलो भएको अनुभव सुनाउनुले समग्रमा निर्वाचन गुणस्तरीय नै रहेको संकेत गर्दछ ।

तथापि ६९ प्रतिशत नागरिकले सरकार/राजनीतिक दलले मतदातालाई चाहिने जति मतदाता शिक्षा उपलब्ध गराएको भन्नुले मतदाता शिक्षामा सरकार/राजनीतिक दलले विशेष ध्यान दिनुपर्ने देखिन्छ । त्यस्तै, ८८ प्रतिशत नागरिकले मतगणना निष्पक्ष भयो भन्नेमा सहमति जनाउनुले मतगणनाको निष्पक्षतामा थप ध्यान दिनुपर्ने देखिन्छ ।

३.२ संविधान र संवैधानिक प्रावधानहरू

संविधान राष्ट्रको मूल कानून हो जसमा सरकारको स्वरूप, शासन प्रणाली र नागरिक अधिकारसँग सम्बन्धित प्रावधानहरू उल्लेख गरिएको हुन्छ । नेपालले लामो संघर्षपछि जारी गरेको नयाँ संविधानको बारेमा सर्वेक्षणमा नागरिकहरूलाई विभिन्न प्रश्नहरू सोधिएको थियो ।

चित्र १५ मा नागरिकको %सामाजिक तथा जनसाङ्ख्यिक विशेषताहरूको आधारमा संविधान सम्वन्धमा नागरिकको धारणा प्रस्तुत गरिएको छ । सर्वेक्षणमा 'नेपालले वि. सं. २०७२ सालमा नयाँ संविधान पाएको थियो । तपाईले यो नयाँ संविधान बारे सुन्नु भएको छ ?' भनि नागरिकहरूलाई सोधिएको थियो । पालिकागत तथ्याङ्कलाई विश्लेषण गर्दा गाउँपालिकाका नागरिकभन्दा नगरपालिकाका नागरिकहरूले बढी मात्रामा क्रमशः ५० र ५६ प्रतिशतले नयाँ संविधान बारे सुनेको पाईयो । नागरिकको लिङ्गको आधारमा हेर्दा महिलाभन्दा पुरूषहरूले बढी मात्रामा क्रमशः ४३ र ६३ प्रतिशतले नयाँ संविधान बारे सुनेको पाईयो । त्यस्तै उमेर समूहको आधारको तथ्याङ्कलाई विश्लेषण गर्दा १८-२४ उमेर समूहका नागरिकहरू (७०%) ले बढी मात्रामा नयाँ संविधान बारे सुनेको पाईयो भने नयाँ संविधानको बारे सबैभन्दा कम (४१%) सुन्नेमा ६० र सो भन्दामाथि उमेर समूहका नागरिकहरू रहेको पाईयो । उमेर समूहको आधारको तथ्याङ्कलाई विश्लेषण गर्दा जति उमेर बढदै गयो त्यति कम मात्रामा नयाँ संविधान बारे सुनेको पाईयो ।

शैक्षिक अवस्थाको आधारमा विश्लेषण गर्दा उच्च शिक्षा हासिल गरेका समूहका नागरिकहरू (९१%) सवैभन्दा धेरै नयाँ संविधान प्रति जानकार रहेको पाईयो भने त्यसपछि क्रमशः माध्यमिक शिक्षा (८५%) र आधारभूत शिक्षा (६१%) हासिल गरेका नागरिकहरूमा जानकारी रहेको पाईयो । सवैभन्दा कम मात्रामा नयाँ संविधान प्रति जानकार रहनेमा निरक्षर (२५%) र त्यसपछि पढ्न लेख्न सक्ने तर औपचारिक शिक्षा नभएको समूहका नागरिकहरू (४३%) रहनुले शैक्षिक स्तर बढ्दै जाँदा संविधानप्रति जानकारी पनि बढ्दै गएको पाईयो ।

चित्र १५. संबिधानको बारेमा जानकारी (संख्या= १६७८, % मा)



नोटः चित्रमा सुनेको छैन भनि उत्तर दिनेको संख्या समावेश गरिएको छैन ।

जातिगत रूपमा सबैभन्दा बढी पहाडे ब्राह्मण/संन्यासी (७७%), त्यसपछि नेवार (६५%) र त्यसपछि मुसलमान (६३%) नागरिकहरू नयाँ संविधान प्रति जानकार रहेको पाईयो भने नयाँ संविधान प्रति सवैभन्दा कम जानकार जातिमा दलित (३९%), तराई जाति (४७%) र तराई जनजाति (४७%) रहेको पाईयो । पेशागत रूपमा हेर्दा सेवा पेशामा आवद्ध (८०%) नागरिकहरू बढी मात्रामा नयाँ संविधान प्रति जानकार रहेको पाईयो भने घरायसी काम गर्ने पेशामा आवद्ध (३१%) नागरिकहरू कम मात्रामा नयाँ संविधान प्रति जानकार रहेको पाईयो । त्यस्तै आर्थिक अवस्थाका हिसावले धनी समूहका नागरिकहरू (७२%) बढी मात्रामा नयाँ संविधान प्रति जानकार रहेको पाईयो भने सवैभन्दा कम गरीव समूहका नागरिकहरू (४२%) ले नयाँ संविधानको वारेमा सुनेको पाईयो ।

चित्र १६. संबैधानिक प्रावधानहरू बारेमा जानकारी (संख्या= ८८८, % मा)



नोटः संविधानको वारेमा जानकारी राख्नेहरू मात्र। चित्रमा जानकार छैन र थाहा छैन/भन्न सक्दिन भनि उत्तर दिनेको संख्या समावेश गरिएको छैन ।

चित्र १६ मा नागरिकहरूको संबैधानिक प्रावधानहरू बारेमा जानकारी सम्वन्धी तथ्याङ्क प्रस्तुत गरिएको छ । समग्रमा ९१ प्रतिशत नागरिकहरूले संविधानमा सवै जात/जातिका व्यक्तिहरूलाई राज्यमा समान अधिकारको व्यवस्था सम्वन्धमा जानकारी रहेको भनि आफ्नो धारणा राखेका छन् भने ८५ प्रतिशत नागरिकहरूले संविधानमा सरकारका काम तीन तहमा वाँडिएको बारेमा आँफूलाई जानकारी रहेको भनि आफ्नो धारणा राखेका छन् । त्यस्तै ८१ प्रतिशत नागरिकहरूले नागरिकहरू

आफ्नो क्षेत्रको विकास निर्माणका निर्णयहरूमा संलग्न हुन सक्छन् भन्ने बारेमा आँफूलाई जानकारी रहेको भनि आफ्नो धारणा राखेका छन् भने ७९ प्रतिशत नागरिकहरूले संविधानमा स्थानीय सरकारलाई आफ्नो शासन चलाउने, कानून बनाउने र न्याय दिने जिम्मेवारी र अधिकार दिएको छ भनि आफ्नो धारणा राखेका छन् ।

तथापि मात्र ७४ प्रतिशत नागरिकहरूले संविधानले सरकारी क्षेत्रहरूमा विभिन्न सामाजिक तथा जातीय समूहका मानिसहरूको समावेशीकरण तथा प्रतिनिधित्वको व्यवस्था गरेको बारेमा जानकार रहनुले आउँदा दिनहरूमा संवैधानिक व्यवस्था र प्रावधानहरूको बारेमा जानकारीमूलक कार्यक्रमहरूको आयोजना गर्नुपर्ने देखिन्छ ।

३.३ प्रादेशिक तथा स्थानीय सरकार

नेपालको संविधान २०७२ को धारा ५६ मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र नेपालको राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानून बमोजिम गर्नेछन् भन्ने उल्लेख गरेको छ । संविधानले संघ, प्रदेश र स्थानीय तहका आफ्नो अधिकारभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने अधिकार प्रदान गरेको छ । यसै सन्दर्भमा नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ ले लुम्बिनी प्रदेश का नागरिकहरूलाई यहाँको विचारमा प्रादेशिक तथा स्थानीय सरकारको आगामी ५ वर्षको प्राथमिकता के हुनु पर्दछ भनि सोधिएको थियो ।

चित्र १७ मा नागरिकहरूलाई सोधिएको प्रादेशिक तथा स्थानीय सरकारको आगामी ५ वर्षको प्राथमिकता के हुनु पर्दछ भन्ने प्रश्नको प्राथमिकताक्रमको तथ्याङ्कलाई प्रस्तुत गरिएको छ । समग्रमा पहिलो प्राथमिकीकरणमा सडक निर्माण रहेको पाईयो जसमा कुल ६८ प्रतिशत नागरिकहरूले सडक निर्माणलाई पहिलो या दोश्रो प्राथमिकतामा राखेका छन् भने ४७ प्रतिशतले सडक निर्माण नै प्रादेशिक तथा स्थानीय सरकारको आगामी ५ वर्षको पहिलो प्राथमिकता हुनुपर्दछ भन्ने धारणा राखेको पाईयो । त्यस्तै समग्रमा दोश्रो प्राथमिकीकरणमा खानेपानी वितरण रहेको पाईयो जसमा कुल ३३ प्रतिशत नागरिकहरूले खानेपानी वितरणलाई पहिलो या दोश्रो प्राथमिकतामा राखेका छन् । त्यसैगरी समग्रमा तेश्रो प्राथमिकीकरणमा रोजगारी श्रृजना रहेको पाईयो जसमा कुल २३ प्रतिशत नागरिकहरूले रोजगारी श्रृजनालाई पहिलो या दोश्रो प्राथमिकतामा राखेका छन् । यसरी अन्य भन्दा सडक निर्माण नै धेरैजसो नागरिकको प्राथमिकतामा पर्नुले लुम्बिनी प्रदेशका नागरिकहरूको सडक निर्माण प्रतिको मोहलाई प्रष्टसँग झल्काउछ । समग्रमा सवैभन्दा कम प्राथमिकीकरणमा परेको क्षेत्र भ्रष्टाचार नियन्त्रण र समावेशी प्रतिनिधित्व रहेको पाईयो जसमा दुवैमा जम्मा ३ प्रतिशत नागरिकहरूले मात्र यी दुवैलाई पहिलो या दोश्रो प्राथमिकतामा राखेका छन् ।

चित्र १७. प्रादेशिक तथा स्थानीय सरकारको प्राथमिकता (संख्या= १६७८, % मा)



चित्र १८ मा नागरिकहरूमा स्थानीय सरकारको काम कार्यवाही प्रतिको विश्वस्तता सम्बन्धी तथ्याङ्क प्रस्तुत गरिएको छ । समग्रमा ८६ प्रतिशत नागरिकहरू स्थानीय सरकारले सार्वजनिक सेवाको सुधार गर्नेछन् भन्नेमा विश्वस्त रहेको पाईयो भने १५ प्रतिशत नागरिकहरूचाहिँ यसमा पूर्ण रूपमा विश्वस्त रहेको पाईयो । त्यस्तै ८२ प्रतिशत नागरिकहरू स्थानीय सरकारले नागरिकको अधिकारको संरक्षण गर्नेछन् भन्नेमा विश्वस्त रहेको पाईयो भने १५ प्रतिशत नागरिकहरूचाहिँ यसमा पूर्ण रूपमा विश्वस्त रहेको पाईयो । त्यसैगरी ८० प्रतिशत नागरिकहरू स्थानीय सरकारले सामाजिक समावेशीतालाई प्रवर्द्धन गर्नेछन् भन्नेमा विश्वस्त रहेको पाईयो भने १६ प्रतिशत नागरिकहरूचाहिँ यसमा पूर्ण रूपमा विश्वस्त रहेको पाईयो ।

तथापि मात्र ७९ प्रतिशत नागरिकहरू स्थानीय सरकारले योजना निर्माण तथा विकास निर्माण प्रक्रियामा जनताको सहभागिता सुनिश्चित गर्दछ भन्नेमा विश्वस्त रहनुले स्थानीय सरकारहरूले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १५ मा व्यवस्था भए अनुसारको स्थानीयस्तरमा विकास निर्माण तथा सेवा प्रवाह सम्बन्धी कार्यगर्दा नागरिक सहभागिता सुनिश्चितताको क्षेत्रमा धेरै काम गर्नुपर्ने देखिन आएको छ ।

चित्र १८. स्थानीय सरकारको काम कार्यवाही प्रतिको विश्वस्तता (संख्या= १६७८, % मा)



नोटः चित्रमा विश्वस्त छैन र थाहा छैन/भन्न सक्दिन भनि उत्तर दिनेको संख्या समावेश गरिएको छैन ।

चित्र १९ मा स्थानीय तहका निर्वाचित प्रतिनिधिहरूले शासन प्रणालीमा सुधार गर्नेछन् भन्ने सन्दर्भमा नागरिकहरूलाई सोधिएको प्रश्नको उत्तर %सामाजिक तथा जनसाङ्ख्यिक विशेषताहरूको आधारमा प्रस्तुत गरिएको छ । पालिकागत तथ्याङ्कलाई विश्लेषण गर्दा नगरपालिकाका नागरिक भन्दा गाउँपालिकाका नागरिकहरूमा बढी मात्रामा (क्रमशः ८५ र ८९%) स्थानीय तहका निर्वाचित प्रतिनिधिहरूले शासन प्रणालीमा सुधार गर्नेछन् भन्नेमा विश्वस्तता रहेको पाईयो । नागरिकको लिङ्गको आधारमा हेर्दा महिला भन्दा पुरूषहरू बढी मात्रामा (क्रमशः ८५ र ८८%) स्थानीय तहका निर्वाचित प्रतिनिधिहरूले शासन प्रणालीमा सुधार गर्नेछन् भन्नेमा विश्वस्त रहेको पाईयो ।

चित्र १९. स्थानीय सरकार र शासन प्रणालीमा सुधार प्रतिको विश्वस्तता
(संख्या= १६७८, % मा)



नोटः चित्रमा केही पनि सुधार गर्नेछैनन्, अझ बिग्रने छ र थाहा छैन/भन्न सक्दिन भनि उत्तर दिनेको संख्या समावेश गरिएको छैन ।

त्यस्तै उमेर समूहको आधारको तथ्याङ्कलाई विश्लेषण गर्दा २५-३९ र ४०-५९ उमेर समूहका नागरिकहरू (दुवै ८८%) बढी मात्रामा स्थानीय तहका निर्वाचित प्रतिनिधिहरूले शासन प्रणालीमा सुधार गर्नेछन् भन्नेमा विश्वस्त रहेको पाईयो । स्थानीय तहका निर्वाचित प्रतिनिधिहरूले शासन प्रणालीमा सुधार गर्नेछन् भन्नेमा सबैभन्दा कम विश्वस्त हुनेमा ६० र सो भन्दामाथि उमेर समूहका नागरिकहरू (८२%) रहेको पाईयो ।

शिक्षाको आधारको तथ्याङ्कलाई विश्लेषण गर्दा पढ्न लेख्न सक्ने तर औपाचारिक शिक्षा नभएको समूहका नागरिकहरू (९०%) सवैभन्दा धेरै मात्रामा स्थानीय तहका निर्वाचित प्रतिनिधिहरूले शासन प्रणालीमा सुधार गर्नेछन् भन्नेमा विश्वस्त रहेको पाईयो भने त्यसपछि क्रमशः माध्यमिक शिक्षा (८८%) र आधारभूत शिक्षा (८७%) हासिल गरेका समूहका नागरिकहरू रहेको पाईयो । शिक्षाको आधारमा सवैभन्दा कम मात्रामा स्थानीय तहका निर्वाचित प्रतिनिधिहरूले शासन प्रणालीमा सुधार गर्नेछन् भन्नेमा विश्वस्त रहेने समूहमा निरक्षर (८५%) र त्यसपछि उच्च शिक्षा हासिल गरेका समूहका नागरिकहरू (८६%) रहेको पाईयो । जातिगत रूपमा तथ्याङ्कको विश्लेषण गर्दा सबैभन्दा बढी तराई जाति (९३%), त्यसपछि मुसलमान र तराई जनजाति (दुवै ९१%) र त्यसपछि दलित (८६%) नागरिकहरू सवैभन्दा धेरै मात्रामा स्थानीय तहका निर्वाचित प्रतिनिधिहरूले शासन प्रणालीमा सुधार गर्नेछन् भन्नेमा विश्वस्त रहेको पाईयो भने निर्वाचित प्रतिनिधिहरूले शासन प्रणालीमा सुधार गर्नेछन् भन्नेमा सवैभन्दा कम विश्वस्त हुने जातिमा पहाडे क्षेत्री/ठकुरी (८२%) र त्यसपछि पहाडे जनजाति (८४%) रहेको पाईयो । पेशागत रूपमा हेर्दा ज्यालादरी र व्यापार पेशामा आवद्ध (दुवै ९०%) नागरिकहरू बढी मात्रामा स्थानीय तहका निर्वाचित प्रतिनिधिहरूले शासन प्रणालीमा सुधार गर्नेछन् भन्नेमा विश्वस्त रहेको पाईयो भने वेरोजगार र घरायसी काम गर्ने पेशामा आवद्ध (दुवै ८२%) नागरिकहरू स्थानीय तहका निर्वाचित प्रतिनिधिहरूले शासन प्रणालीमा सुधार गर्नेछन् भन्नेमा कम विश्वस्त रहेको पाईयो । त्यस्तै आर्थिक अवस्थाका हिसावले धनी समूहका नागरिकहरू (९५%) बढी मात्रामा स्थानीय तहका निर्वाचित प्रतिनिधिहरूले शासन प्रणालीमा सुधार गर्नेछन् भन्नेमा विश्वस्त रहेको पाईयो भने वाँकी दुवै (गरीव र मध्यम स्तर) समूहका नागरिकहरू (८७%) स्थानीय तहका निर्वाचित प्रतिनिधिहरूले शासन प्रणालीमा सुधार गर्नेछन् भन्नेमा कम विश्वस्त रहेको पाईयो ।

३.४ राजनीतिक संस्थाहरू

नेपालको संविधान २०७२ को धारा २६९(१) मा राजनीतिक दल गठन गरी सञ्चालन गर्न र दलको विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नका लागि त्यसको प्रचार र प्रसार गर्न, गराउन वा सो प्रयोजनका लागि अन्य आवश्यक काम गर्न सक्नेछन् भन्ने उल्लेख गरेको छ । यसै सन्दर्भमा नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ ले लुम्बिनी प्रदेश का नागरिकहरूलाई "के तपाईलाई नेपालका राजनीतिक दलका क्रियाकलापको बारे जानकारी छ" भनि सोधिएको थियो ।

चित्र २० मा %सामाजिक तथा जनसाङ्ख्यिक विशेषताहरूको आधारमा नागरिकहरूमा राजनीतिक दलका क्रियाकलापको बारे जानकारीको तथ्याङ्क प्रस्तुत गरिएको छ । 'के तपाईंलाई नेपालका राजनीतिक दलका क्रियाकलापको बारे जानकारी छ ?' भनि नागरिकहरूलाई सोधिएको थियो । जम्मा १६७८ नागरिकलाई सोधिएको प्रश्नमा ७८१ जना (४७%) ले मात्र नेपालका राजनीतिक दलका क्रियाकलापको बारेमा जानकारी रहेको भन्ने उत्तर दिएका थिए । पालिकागत तथ्याङ्कलाई विश्लेषण गर्दा गाउँपालिकाका नागरिक भन्दा नगरपालिकाका नागरिकहरूलाई बढी मात्रामा (क्रमशः ४० र ५३%) नेपालका राजनीतिक दलका क्रियाकलापको बारे जानकारी रहेको पाईयो । नागरिकको लिङ्गको आधारमा हेर्दा महिला भन्दा पुरूषहरूलाई बढी मात्रामा (क्रमशः ३६ र ५८%) नेपालका राजनीतिक दलका क्रियाकलापको बारे जानकारी रहेको पाईयो । त्यस्तै उमेर समूहको आधारको तथ्याङ्कलाई विश्लेषण गर्दा १८-२४ उमेर समूहका नागरिकहरू (६०%) मा बढी मात्रामा नेपालका राजनीतिक दलका क्रियाकलापको बारे जानकारी रहेको पाईयो भने राजनीतिक दलका क्रियाकलापको बारे सबैभन्दा कम (३०%) जानकारी राख्ने उमेर समूहमा ६० र सो भन्दामाथि उमेर समूहका नागरिकहरू रहेको पाईयो । उमेर समूहको आधारको तथ्याङ्कलाई विश्लेषण गर्दा जति उमेर बढदै गयो त्यति कम मात्रामा राजनीतिक दलका क्रियाकलापको बारे जानकारी रहेको पाईयो ।

शिक्षाको आधारको तथ्याङ्कलाई विश्लेषण गर्दा उच्च शिक्षा हासिल गरेका समूहका नागरिकहरू (८१%) सवैभन्दा धेरै नेपालका राजनीतिक दलका क्रियाकलापको बारे जानकार रहेको पाईयो भने त्यसपछि क्रमशः माध्यमिक शिक्षा (७१%) र आधारभूत शिक्षा (५३%) हासिल गरेका समूहका नागरिकहरू रहेको पाईयो । सवैभन्दा कम मात्रामा नेपालका राजनीतिक दलका क्रियाकलापको बारे जानकार रहनेमा निरक्षर (२१%) र त्यसपछि पढ्न लेख्न सक्ने तर औपचारिक शिक्षा नभएको समूहका नागरिकहरू (४५%) रहनुले शिक्षा आर्जनका हिसावले जति धेरै शिक्षा हासिल गर्दै गयो त्यति धेरै मात्रामा राजनीतिक दलका क्रियाकलापको बारे जानकार रहने गरेको पाईयो । जातिगत रूपमा तथ्याङ्कको विश्लेषण गर्दा सबैभन्दा बढी पहाडे ब्राह्मण/संन्यासी (७०%), त्यसपछि नेवार (६०%), तराई जनजाति (५९%) र त्यसपछि मुसलमान (५१%) नागरिकहरू राजनीतिक दलका क्रियाकलापको बारे जानकार रहेको पाईयो भने राजनीतिक दलका क्रियाकलापको बारे सवैभन्दा कम जानकार हुने जातिमा तराई जाति (३१%), दलित र पहाडे जनजाति (दुवै ३२%), र पहाडे क्षेत्री/ठकुरी (४७%) रहेको पाईयो । पेशागत रूपमा हेर्दा सेवा पेशामा आवद्ध (७१%) नागरिकहरू बढी मात्रामा राजनीतिक दलका क्रियाकलापको बारे जानकार रहेको पाईयो भने घरायसी काम गर्ने पेशामा आवद्ध (२८%) नागरिकहरू कम मात्रामा राजनीतिक दलका क्रियाकलापको बारे जानकार रहेको पाईयो । त्यस्तै आर्थिक अवस्थाका हिसावले मध्यम स्तरका नागरिकहरू (५२%) बढी मात्रामा राजनीतिक दलका क्रियाकलापको बारे जानकार रहेको पाईयो भने कम जानकार रहनेमा धनी समूहका नागरिकहरू (३९%) रहेको पाईयो ।

चित्र २०. नेपालका राजनीतिक दलका क्रियाकलापको बारे जानकर रहनेहरू (संख्या= १६७८, % मा)



नोटः चित्रमा जानकारी छैन र थाहा छैन/भन्न सक्दिन भनि उत्तर दिनेको संख्या समावेश गरिएको छैन ।

चित्र २१. राजनीतिक दलको काम कार्यवाही प्रतिको विश्वस्तता (संख्या= ७८१, % मा)



नोटः नेपालका राजनीतिक दलका क्रियाकलापको बारे जानकारी छ भन्नेहरू मात्र। चित्रमा विश्वस्त छैन र थाहा छैन/भन्न सक्दिन भनि उत्तर दिनेको संख्या समावेश गरिएको छैन ।

चित्र २१ मा नागरिकहरूमा राजनीतिक दलहरूको काम कार्यवाही प्रतिको विश्वस्तता सम्वन्धी तथ्याङ्क प्रस्तुत गरिएको छ । समग्रमा ८८ प्रतिशत नागरिकहरू राजनीतिक दलले विकास निर्माणका कार्य गर्नेछन् भन्नेमा विश्वस्त रहेको पाईयो भने मात्र १२ प्रतिशत नागरिकहरूचाहिँ यसमा पूर्ण रूपमा विश्वस्त रहेको पाईयो । त्यस्तै ८३ प्रतिशत नागरिकहरू राजनीतिक दलले देशमा समावेशी संस्कृतिको प्रवर्ध्दन गर्नेछन् भन्नेमा विश्वस्त रहेको पाईयो भने मात्र १२ प्रतिशत नागरिकहरूचाहिँ यसमा पूर्ण रूपमा विश्वस्त रहेको पाईयो । समग्रमा ८२ प्रतिशत नागरिकहरू राजनीतिक दलहरूले तीन तहको (संघीय) सरकारको संरचनाको कार्यान्वयन गर्नेछन् भन्नेमा विश्वस्त रहेको पाईयो भने मात्र १२ प्रतिशत नागरिकहरूचाहिँ यसमा पूर्ण रूपमा विश्वस्त रहेको पाईयो । त्यस्तै ७७ प्रतिशत नागरिकहरू राजनीतिक दलहरूले सार्वजनिक सेवामा सुधार गर्नेछन् भन्नेमा विश्वस्त रहेको पाईयो भने मात्र ७ प्रतिशत नागरिकहरूचाहिँ यसमा पूर्ण रूपमा विश्वस्त रहेको पाईयो ।

तथापि मात्र ३३ प्रतिशत नागरिकहरू राजनीतिक दलहरूले भ्रष्टाचार नियन्त्रण गर्दछन् भन्नेमा विश्वस्त रहनु र अझ ३ प्रतिशत मात्र यसमा पूर्ण रूपमा विश्वस्त रहनुले भ्रष्टाचार नियन्त्रणमा राजनीतिक दलहरू प्रति नागरिकहरूको ज्यादै कम आशा रहेको देखिन्छ । त्यस्तै ७१ प्रतिशत नागरिकहरू राजनीतिक दलले कानूनको पालना गर्नेछन् भन्नेमा विश्वस्त रहेको र मात्र ८ प्रतिशत नागरिकहरूचाहिँ यसमा पूर्ण रूपमा विश्वस्त रहेको पाईयो ।

नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ मा लुम्बिनी प्रदेश का नागरिकहरूलाई राजनीतिक दलले चुनावमा उम्मेदवारको छनौट मुख्यरूपमा कसरी गर्दछन् जस्तो लाग्छ भनि सोधिएको थियो जसको तथ्याङ्क चित्र २२ मा प्रस्तुत गरिएको छ । मुख्यगरी नागरिकहरूले राजनीतिक दलले चुनावमा उम्मेदवारको छनौट गर्दा पहिलाको कार्यसम्पादनको आधारमा, पार्टीमा वरिष्ठताको आधारमा, स्थानीय समितिहरूको सुझावको आधारमा, ठूला नेताको पारिवारिक नाता/सम्बन्धको आधारमा र पार्टीलाई चन्दा दिएको आधारमा गर्दछन् जस्तो लाग्छ भनि भनेका छन् ।

चित्र २२ मा प्रस्तुत तथ्याङ्कको विश्लेषण गर्दा समग्रमा ४२ प्रतिशत नागरिकहरूले राजनीतिक दलको चुनावी उम्मेदवारको छनौट पहिलाको कार्यसम्पादनको आधारमा हुने गरेको धारणा राखेका छन् । त्यस्तै समग्रमा १४ प्रतिशत नागरिकहरूले राजनीतिक दलको चुनावी उम्मेदवारको छनौट पार्टीमा वरिष्ठताको आधारमा, ६ प्रतिशत नागरिकहरूले राजनीतिक दलको चुनावी उम्मेदवारको छनौट स्थानीय समितिहरूको सुझावको आधारमा, २५ प्रतिशत नागरिकहरूले राजनीतिक दलको चुनावी उम्मेदवारको छनौट ठूला नेताको पारिवारिक नाता/सम्बन्धको आधारमा र ९ प्रतिशत नागरिकहरूले राजनीतिक दलको चुनावी उम्मेदवारको छनौट पार्टीलाई चन्दा दिएको आधारमा गर्दछन् भन्ने धारणा राखेका छन् ।

%सामाजिक तथा जनसाङ्ख्यिक विशेषताहरूको आधार अन्तर्गत पालिकागत तथ्याङ्कलाई विश्लेषण गर्दा नगरपालिकाका नागरिक भन्दा गाउँपालिकाका नागरिकहरूले बढी मात्रामा (क्रमशः ३९ र ४६%) राजनीतिक दलको चुनावी उम्मेदवारको छनौट पहिलाको कार्यसम्पादनको आधारमा हुने गरेको धारणा राखेका छन् । तथापि २६ प्रतिशत नगरपालिकाका नागरिक र २३ प्रतिशत गाउँपालिकाका नागरिकहरू अझै पनि राजनीतिक दलको चुनावी उम्मेदवारको छनौट ठूला नेताको पारिवारिक नाता/सम्बन्धको आधारमा हुने गर्दछ भन्ने मानिन्छ । त्यसैगरी १५ प्रतिशत गाउँपालिकाबासी र १३ प्रतिशत नगरपालिकाबासी पार्टीमा वरिष्ठताको आधारमा पनि राजनीतिक दलको चुनावी उम्मेदवारको छनौट हुनेगर्दछ भन्ने मानिन्छ । त्यस्तै पार्टीलाई चन्दा दिएको आधारमा राजनीतिक दलको चुनावी उम्मेदवारको छनौट गर्ने गरिन्छ भन्ने नगरपालिकाबासीहरूको संख्या पनि उल्लेख्य (१३%) रहेको छ ।

चित्र २२. राजनीतिक दलको चुनावी उम्मेदवारको छनौट सम्वन्धमा नागरिकको धारणा (संख्या= ७८१, % मा)



नोट: नेपालका राजनीतिक दलका क्रियाकलापको बारे जानकारी छ भन्नेहरू मात्र। चित्रमा अन्य आधारमा र थाहा छैन/भन्न सक्दिन भनि उत्तर दिनेको संख्या समावेश गरिएको छैन ।

नागरिकको लिङ्गको आधारमा हेर्दा ४७ प्रतिशत महिलाहरू राजनीतिक दलको चुनावी उम्मेदवारको छनौट पहिलाको कार्यसम्पादनको आधारमा हुने गरेको छ भने ३९ प्रतिशत पुरूषहरू राजनीतिक दलको चुनावी उम्मेदवारको छनौट पहिलाको कार्यसम्पादनको आधारमा हुने गरेको मान्दछन् । तथापि २७ प्रतिशत पुरूषहरू र २१ प्रतिशत महिलाहरू अझै पनि राजनीतिक दलको चुनावी उम्मेदवारको छनौट ठूला नेताको पारिवारिक नाता/सम्बन्धको आधारमा हुने गर्दछ भन्ने मान्दछन् । त्यसैगरी १६ प्रतिशत महिला र १३ प्रतिशत पुरूषहरू पार्टीमा वरिष्ठताको आधारमा पनि राजनीतिक दलको चुनावी उम्मेदवारको छनौट हुनेगर्दछ भन्ने मान्दछन् । त्यस्तै पार्टीलाई चन्दा दिएको आधारमा राजनीतिक दलको चुनावी उम्मेदवारको छनौट गर्ने गरिन्छ भन्ने पुरूषहरूको संख्या पनि उल्लेख्य (१३%) रहेको छ ।

त्यस्तै उमेर समूहको आधारको तथ्याङ्कलाई विश्लेषण गर्दा ४९ प्रतिशत ४०-५९ बर्ष उमेर समूहका नागरिकहरू, ४२ प्रतिशत १८-२४ उमेर समूहका नागरिकहरू, ३९ प्रतिशत २५-३९ उमेर समूहका नागरिकहरू र ३२ प्रतिशत ६० र सो भन्दामाथि उमेर समूहका नागरिकहरू राजनीतिक दलको चुनावी उम्मेदवारको छनौट पहिलाको कार्यसम्पादनको आधारमा हुने गरेको मान्दछन् । तथापि २८ प्रतिशत २५-३९ उमेर समूहका नागरिकहरू, २६ प्रतिशत ६० र सो भन्दामाथि उमेर समूहका नागरिकहरू, २५ प्रतिशत १८-२४ उमेर समूहका नागरिकहरू र २० प्रतिशत ४०-५९ बर्ष उमेर समूहका नागरिकहरू अझै पनि राजनीतिक दलको चुनावी उम्मेदवारको छनौट ठूला नेताको पारिवारिक नाता/सम्बन्धको आधारमा हुने गर्दछ भन्ने मान्दछन् ।

शिक्षाको आधारको तथ्याङ्कलाई विश्लेषण ५६ प्रतिशत पढ्न लेख्न सक्ने तर औपचारिक शिक्षा नभएको समूहका नागरिकहरू, ५१ प्रतिशत निरक्षर नागरिकहरू, ४७ प्रतिशत आधारभूत शिक्षा हासिल गरेका समूहका नागरिकहरू, ३० प्रतिशत माध्यमिक शिक्षा हासिल गरेका समूहका नागरिकहरू र २१ प्रतिशत उच्च शिक्षा हासिल गरेका समूहका नागरिकहरू राजनीतिक दलको चुनावी उम्मेदवारको छनौट पहिलाको कार्यसम्पादनको आधारमा हुने गरेको मान्दछन् । तथापि ४४ प्रतिशत उच्च शिक्षा हासिल गरेका समूहका नागरिकहरू, ३४ प्रतिशत माध्यमिक शिक्षा हासिल गरेका समूहका नागरिकहरू, २२ प्रतिशत निरक्षर नागरिकहरू, १९ प्रतिशत आधारभूत शिक्षा हासिल गरेका समूहका नागरिकहरू र १५ प्रतिशत पढ्न लेख्न सक्ने तर औपचारिक शिक्षा नभएको समूहका नागरिकहरू अझै पनि राजनीतिक दलको चुनावी उम्मेदवारको छनौट ठूला नेताको पारिवारिक नाता/सम्बन्धको आधारमा हुने गर्दछ भन्ने मान्दछन् । त्यस्तै पार्टीमा वरिष्ठताको आधारमा राजनीतिक दलको चुनावी उम्मेदवारको छनौट गर्ने गरिन्छ भन्ने उच्च शिक्षा हासिल गरेका समूहका नागरिकहरूको संख्या पनि उल्लेख्य (१८%) रहेको छ । त्यसैगरी पार्टीलाई चन्दा दिएको आधारमा राजनीतिक दलको चुनावी उम्मेदवारको छनौट गर्ने गरिन्छ भन्ने उच्च शिक्षा हासिल गरेका समूहका नागरिकहरू र माध्यमिक शिक्षा हासिल गरेका समूहका नागरिकहरू पनि १२ प्रतिशत रहेकोले यसलाई उल्लेख्य संख्या मान्न सकिन्छ ।

जातिगत रूपमा तथ्याङ्कको विश्लेषण गर्दा ६० प्रतिशत तराई जनजाति, ५० प्रतिशत मुसलमान र ४२ प्रतिशत नेवार समूहका नागरिकहरू राजनीतिक दलको चुनावी उम्मेदवारको छनौट पहिलाको कार्यसम्पादनको आधारमा हुने गरेको मान्दछन् । तथापि ३९ प्रतिशत पहाडे ब्राह्मण/संन्यासी साथै पहाडे क्षेत्री/ठकुरी र २५ प्रतिशत नेवार समूहका नागरिकहरू अझै पनि राजनीतिक दलको चुनावी उम्मेदवारको छनौट ठूला नेताको पारिवारिक नाता/सम्बन्धको आधारमा हुने गर्दछ भन्ने मान्दछन् । त्यस्तै पार्टीमा वरिष्ठताको आधारमा राजनीतिक दलको चुनावी उम्मेदवारको छनौट गर्ने गरिन्छ भन्ने तराई जाति समूहका नागरिकहरूको संख्या पनि उल्लेख्य (२५%) रहेको छ । त्यसैगरी पार्टीलाई चन्दा दिएको आधारमा राजनीतिक दलको चुनावी उम्मेदवारको छनौट गर्ने गरिन्छ भन्ने मुसलमान समूहका नागरिकहरू पनि उल्लेख्य (१७%) रहेको छ ।

पेशागत रूपमा हेर्दा ५४ प्रतिशत कृषिमा आवद्ध, ५३ प्रतिशत ज्यालादारी र ४८ प्रतिशत घरायसी काममा आवद्ध नागरिकहरू राजनीतिक दलको चुनावी उम्मेदवारको छनौट पहिलाको कार्यसम्पादनको आधारमा हुने गरेको मान्दछन् । तथापि ४० प्रतिशत सेवा पेशामा आवद्ध, ३४ प्रतिशत वेरोजगार र २८ प्रतिशत घरायसी काममा आवद्ध नागरिकहरू अझै पनि राजनीतिक दलको चुनावी उम्मेदवारको छनौट ठूला नेताको पारिवारिक नाता/सम्बन्धको आधारमा हुने गर्दछ भन्ने मान्दछन् । त्यस्तै पार्टीमा वरिष्ठताको आधारमा राजनीतिक दलको चुनावी उम्मेदवारको छनौट गर्ने गरिन्छ भन्ने व्यापारमा आवद्ध नागरिकहरूको संख्या पनि उल्लेख्य (२१%) रहेको छ । त्यसैगरी पार्टीलाई चन्दा दिएको आधारमा राजनीतिक दलको चुनावी उम्मेदवारको छनौट गर्ने गरिन्छ भन्ने व्यापारमा आवद्ध नागरिकहरू पनि उल्लेख्य (१३%) रहेको छ ।

त्यस्तै आर्थिक अवस्थाका हिसावले ४९ प्रतिशत गरीव, ३९ प्रतिशत मध्यम स्तर र २९ प्रतिशत धनी समूहका नागरिकहरू राजनीतिक दलको चुनावी उम्मेदवारको छनौट पहिलाको कार्यसम्पादनको आधारमा हुने गरेको मान्दछन् । तथापि ४३ प्रतिशत धनी, २५ प्रतिशत मध्यम स्तर र २३ प्रतिशत गरीव नागरिकहरू अझै पनि राजनीतिक दलको चुनावी उम्मेदवारको छनौट ठूला नेताको पारिवारिक नाता/सम्बन्धको आधारमा हुने गर्दछ भन्ने मान्दछन् । त्यस्तै पार्टीमा वरिष्ठताको आधारमा राजनीतिक दलको चुनावी उम्मेदवारको छनौट गर्ने गरिन्छ भन्ने गरीव र मध्यम स्तरको नागरिकहरूको संख्या पनि १४ प्रतिशत रहेकोले उल्लेख्य नै देखिन्छ । त्यसैगरी पार्टीलाई चन्दा दिएको आधारमा राजनीतिक दलको चुनावी उम्मेदवारको छनौट गर्ने गरिन्छ भन्ने धनी समूहका नागरिकहरू पनि उल्लेख्य (१४%) रहेको छ ।

३.५ सूचना तथा सञ्चार

नेपालको संविधान २०७२ ले सूचना तथा सञ्चारको हक सुनिश्चितता गर्दै यिनीहरूलाई मौलिक हकको रूपमा परिभाषित गरेको सन्दर्भमा नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ ले सरकारले उपलब्ध गराउदै आएको जनचासोका मुद्दा तथा सूचनाको गुणस्तरीयता सम्वन्धमा लुम्बिनी प्रदेश का नागरिकहरूको धारणा बुझ्ने प्रयास गरेको थियो । यसै सन्दर्भमा चित्र २३ ले सरकारले जनचासोका मुद्दाहरूलाई बिभिन्न माध्यमबाट जानकारी गराउने/नगराउने गरेको सम्वन्धमा नागरिकको धारणालाई प्रस्तुत गरेको छ ।

%सामाजिक तथा जनसाङ्ख्यिक विशेषताहरूको आधार अन्तर्गत पालिकागत तथ्याङ्कलाई विश्लेषण गर्दा नगरपालिकाका नागरिकभन्दा गाउँपालिकाका नागरिकहरूले बढी मात्रामा (क्रमशः १९ र २६%) सरकारले बिभिन्न माध्यम मार्फत् जनचासोका मुद्दाहरू आफ्नो क्षेत्रमा नियमित रूपमा जानकारी गराउँछ भनि व्यक्त गरेको छन् भने ६१ प्रतिशत नगरपालिकाका नागरिक र ५१ प्रतिशत गाउँपालिकाका नागरिकहरूले सरकारले यस्तो काम कहिलेकाँही मात्र गराउँछ भनि आफ्नो धारणा राखेका छन् । तथापि अझै पनि ११ प्रतिशत नगरपालिकाका नागरिक र १२ प्रतिशत गाउँपालिकाका नागरिकहरू सरकारले जनचासोका मुद्दाहरू बिभिन्न माध्यम मार्फत् आफ्नो क्षेत्रमा विरलै जानकारी गराउँछ भन्ने ठानेको देखिन्छ ।

नागरिकको लिङ्गको आधारमा हेर्दा २० प्रतिशत महिलाहरू र २६ प्रतिशत पुरूषहरू सरकारले बिभिन्न माध्यम मार्फत् जनचासोका मुद्दाहरू आफ्नो क्षेत्रमा नियमित रूपमा जानकारी गराउँछ भन्ने मान्दछन् भने ५६ प्रतिशत पुरूष तथा महिलाहरू सरकारले यस्तो काम कहिलेकाँही मात्र गर्छ भन्ने मानेको देखिन्छ । तथापि १२ प्रतिशत पुरूषहरू र ११ प्रतिशत महिलाहरू अझै पनि सरकारले जनचासोका मुद्दाहरू आफ्नो क्षेत्रमा विरलै जानकारी गराउँछ भन्ने सोच राखेको देखिन्छ ।

त्यस्तै उमेर समूहको आधारको तथ्याङ्कलाई विश्लेषण गर्दा १८-२४ उमेर समूहका २७ प्रतिशत नागरिकहरू, २५-३९ उमेर समूहका २३ प्रतिशत नागरिकहरू, ४०-५९ बर्ष उमेर समूहका २१ प्रतिशत नागरिकहरू र ६० र सो भन्दामाथि उमेर समूहका २१ प्रतिशत नागरिकहरू सरकारले बिभिन्न माध्यम मार्फत् जनचासोका मुद्दाहरू आफ्नो क्षेत्रमा नियमित रूपमा जानकारी गराउँछ भन्ने मानेको देखिन्छ । तथापि १२ प्रतिशत २५-३९ उमेर समूहका नागरिकहरू, १० प्रतिशत ६० र सो भन्दामाथि उमेर समूहका नागरिकहरू, ९ प्रतिशत १८-२४ उमेर समूहका नागरिकहरू र १३ प्रतिशत ४०-५९ बर्ष उमेर समूहका नागरिकहरू अझै पनि सरकारले जनचासोका मुद्दाहरू आफ्नो क्षेत्रमा विरलै जानकारी गराउँछ भन्ने मानेको देखिन्छ ।

चित्र २३. सरकारले जनचासोका मुद्दाहरूको जानकारी गराउने/नगराउने सम्वन्धमा नागरिकको धारणा (संख्या= १६७८, % मा)



नोटः चित्रमा कहिल्यै पनि जानकारी गराउदैन र थाहा छैन/भन्न सक्दिन भनि उत्तर दिनेको संख्या समावेश गरिएको छैन ।

शिक्षाको आधारको तथ्याङ्कलाई विश्लेषण गर्दा ६४ प्रतिशत पढ्न लेख्न सक्ने तर औपचारिक शिक्षा नभएको समूहका नागरिकहरू, ५१ प्रतिशत निरक्षर नागरिकहरू, ६० प्रतिशत आधारभूत शिक्षा हासिल गरेका समूहका नागरिकहरू, ५३ प्रतिशत माध्यमिक शिक्षा हासिल गरेका समूहका नागरिकहरू र ४७ प्रतिशत उच्च शिक्षा हासिल गरेका समूहका नागरिकहरू सरकारले कहिलेकाँही मात्र बिभिन्न माध्यम मार्फत् जनचासोका मुद्दाहरू आफ्नो क्षेत्रमा जानकारी गराउँछ भनि भनेका छन् । त्यस्तै १३ प्रतिशत उच्च शिक्षा हासिल गरेका समूहका नागरिकहरू, १२ प्रतिशत माध्यमिक शिक्षा हासिल गरेका समूहका नागरिकहरू, १२ प्रतिशत निरक्षर नागरिकहरू, ११ प्रतिशत आधारभूत शिक्षा हासिल गरेका समूहका नागरिकहरू र १० प्रतिशत पढ्न लेख्न सक्ने तर औपचारिक शिक्षा नभएको समूहका नागरिकहरू अझै पनि सरकारले जनचासोका मुद्दाहरू आफ्नो क्षेत्रमा विरलै जानकारी गराउँछ भन्नेमा देखिन्छन् ।

जातिगत रूपमा तथ्याङ्कको विश्लेषण गर्दा ४७ प्रतिशत तराई जनजाति, ४३ प्रतिशत मुसलमान र ३० प्रतिशत पहाडे ब्राह्मण/संन्यासी समूहका नागरिकहरू सरकारले बिभिन्न माध्यम मार्फत् जनचासोका मुद्दाहरू आफ्नो क्षेत्रमा नियमित रूपमा जानकारी गराउँछ भन्ने मान्दछन् तथापि १७ प्रतिशत पहाडे जनजाति, १४ प्रतिशत पहाडे ब्राह्मण/संन्यासी साथै दलित र १२ प्रतिशत पहाडे क्षेत्री/ठकुरी समूहका नागरिकहरू अझै पनि सरकारले जनचासोका मुद्दाहरू आफ्नो क्षेत्रमा विरलै जानकारी गराउँछ भन्ने मानेको देखिन्छ।

पेशागत रूपमा हेर्दा ३२ प्रतिशत सेवा र २९ प्रतिशत व्यापारमा आवद्ध नागरिकहरू सरकारले बिभिन्न माध्यम मार्फत् जनचासोका मुद्दाहरू आफ्नो क्षेत्रमा नियमित रूपमा जानकारी गराउँछ भन्ने मान्दछन् भने ६० प्रतिशत कृषि र ५७ प्रतिशत ज्यालादारीमा आवद्ध नागरिकहरू सरकारले आफ्नो क्षेत्रमा यस्तो काम कहिलेकाहीँ मात्र गराउँछ भन्ने मान्दछन् । तथापि १५ प्रतिशत ज्यालादारी र १३ प्रतिशत सेवा पेशामा आवद्ध नागरिकहरू अझै पनि सरकारले जनचासोका मुद्दाहरू आफ्नो क्षेत्रमा विरलै जानकारी गराउँछ भन्ने मानेको देखिन्छ ।

त्यस्तै आर्थिक अवस्थाका हिसावले धनी, मध्यम र गरीव समूहका समान ५६ प्रतिशत नागरिकहरू सरकारले कहिलेकाहीँ मात्र बिभिन्न माध्यम मार्फत् जनचासोका मुद्दाहरू आफ्नो क्षेत्रमा जानकारी गराउँछ भनि भनेका छन् । त्यस्तै १७ प्रतिशत धनी र १४ प्रतिशत गरीव समूहका नागरिकहरू अझै पनि सरकारले जनचासोका मुद्दाहरू आफ्नो क्षेत्रमा विरलै जानकारी गराउँछ भन्ने मान्दछन् मानेको देखिन्छ ।

त्यसैगरी नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ ले सरकारले उपलव्ध गराउदै आएको सूचनाको स्पष्टता सम्वन्धमा लुम्बिनी प्रदेश का नागरिकहरूको धारणा बुझ्ने प्रयास गरेको थियो । यसै सन्दर्भमा चित्र २४ ले सरकारले उपलव्ध गराउने सूचनाको बुझाई सम्वन्धमा नागरिकको धारणालाई प्रस्तुत गरेको छ ।

चित्र २४. सरकारले उपलब्ध गराउने सूचनाको स्पष्टता (संख्या= १५१४, % मा)



नोटः सरकारले जनचासोका मुद्दाहरूको जानकारी गराउछ भन्नेहरू मात्र । चित्रमा केहीपनि बुझ्दिन र थाहा छैन/भन्न सक्दिन भनि उत्तर दिनेको संख्या समावेश गरिएको छैन ।

%सामाजिक तथा जनसाङ्ख्यिक विशेषताहरूको आधार अन्तर्गत पालिकागत तथ्याङ्कलाई विश्लेषण गर्दा गाउँपालिकाका नागरिक भन्दा नगरपालिकाका नागरिकहरू (क्रमशः ३६ र ४५%) ले सरकारले प्रदानगर्ने सूचनाहरू धेरै मात्रामा स्पष्टरूपमा बुझ्ने गरेको पाईयो । नागरिकको लिङ्गको आधारमा हेर्दा महिला भन्दा पुरूषहरूले बढी मात्रामा (क्रमशः ३१ र ४९%) सरकारले प्रदान गर्ने सूचनाहरू स्पष्टरूपमा बुझ्ने गरेको पाईयो ।

त्यस्तै उमेर समूहको आधारको तथ्याङ्कलाई विश्लेषण गर्दा १८-२४ र २५-३९ उमेर समूहका नागरिकहरू (क्रमशः ५५ र ४७%) बढी मात्रामा सरकारले प्रदानगर्ने सूचनाहरू स्पष्टरूपमा बुझ्ने गरेको पाईयो भने सबैभन्दा कम स्पष्टरूपमा बुझ्नेमा ६० र सो भन्दामाथि उमेर समूहका नागरिकहरू (२१%) रहेको पाईयो । यसरी उमेर बढ्दै जाँदा सरकारले प्रदानगर्ने सूचनाहरूमा स्पष्टताको मात्रा घट्दै गएको पाईयो ।

शिक्षाको आधारको तथ्याङ्कलाई विश्लेषण गर्दा उच्च शिक्षा हासिल गरेका समूहका नागरिकहरू (७४%) सरकारले प्रदानगर्ने सूचनाहरूलाई धेरै मात्रामा स्पष्टरूपमा बुझ्छन भन्ने पाईयो भने त्यसपछि क्रमशः माध्यमिक शिक्षा (६८%) र आधारभूत शिक्षा (४९%) हासिल गरेका समूहका नागरिकहरू रहेको पाईयो । निरक्षर (७%) समूहका नागरिकहरू सरकारले प्रदानगर्ने सूचनाहरू सवैभन्दा कम स्पष्टरूपमा बुझ्ने समूहमा रहेको पाईयो ।

जातिगत रूपमा तथ्याङ्कको विश्लेषण गर्दा सबैभन्दा बढी स्पष्टरूपमा सरकारले प्रदानगर्ने सूचनाहरू बुझ्ने जातिमा पहाडे ब्राह्मण/संन्यासी (६१%), नेवार (५०%), तराई जनजाति र पहाडे क्षेत्री/ठकुरी (दुवै ४५%) रहेको पाईयो भने सवैभन्दा कम स्पष्टरूपमा सरकारले प्रदानगर्ने सूचनाहरू बुझ्ने जातिमा मुसलमान (२२%) र दलित (२६%) रहेको पाईयो । पेशागत रूपमा हेर्दा सेवा (६३%) र व्यापार (५१%) पेशामा आवद्ध नागरिकहरू सबैभन्दा बढी स्पष्टरूपमा सरकारले प्रदानगर्ने सूचनाहरू बुझ्ने समूहमा रहेको पाईयो भने घरायसी काम (२२%) र वेरोजगार (३७%) नागरिकहरू सवैभन्दा कम स्पष्टरूपमा सरकारले प्रदानगर्ने सूचनाहरू बुझ्ने समूहमा रहेको पाईयो । त्यस्तै आर्थिक अवस्थाका हिसावले मध्यम स्तर समूहका नागरिकहरू (४७%) बढी मात्रामा स्पष्टरूपमा सरकारले प्रदानगर्ने सूचनाहरू बुझ्ने समूहमा रहेको पाईयो ।

३.६ सामाजिक सुरक्षा

नागरिकको सुरक्षाका लागि सरकारवाट थुप्रै प्रयत्नहरू भएका छन् ।नेपालको संविधान २०७२ ले बिभिन्न सामाजिक सुरक्षा सम्वन्धी हकहरू (जस्तै शिक्षा सम्वन्धी हक, रोजगारीको हक, स्वास्थ्य सम्वन्धी हक, महिलाको हक, बालबालिकाको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक न्यायको हक, आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय

एकल महिला, अपांगता भएका, बालबालिकाको हक) लाई मौलिक हक अन्तर्गत व्याख्या गरी नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ भन्ने व्यवस्था गरेको छ । यसै सन्दर्भमा नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ ले नागरिकको सुरक्षाका लागि सरकारवाट भएका प्रयत्नहरूको बारेमा सुनेको/नसुनेको वा सेवा नै लिए/नलिएको सम्वन्धमा नागरिकहरूलाई सोधिएको थियो र त्यसको तथ्याङ्क चित्र २५ मा प्रस्तुत गरिएको छ ।

चित्र २५. सामाजिक सुरक्षाको सुविधा प्राप्ति (संख्या= १६७८, % मा)



नोटः चित्रमा सुनेको तर सेवा लिन योग्य नरहेको र थाहा छैन/भन्न सक्दिन भनि उत्तर दिनेको संख्या समावेश गरिएको छैन ।

चित्र २५ को तथ्याङ्कलाई बिश्लेष्ण गर्दा ६५ प्रतिशत नागरिकहरूले स्वास्थ्य चौकीवाट प्रदान गरिने निःशुल्क औषधी र स्वास्थ्य सुविधा प्राप्त गरेको पाईयो भने ४३ प्रतिशतले बालबालिकाका लागि निःशुल्क आधारभूत र माध्यमिक शिक्षाको सुविधा लिएको पाईयो । त्यस्तै २७ प्रतिशतले छात्राहरूको लागि सामुदायिक विद्यालयमा छात्रबृत्ति, २२ प्रतिशतले बृध्द (जेष्ठ नागरिक) भत्ता, १५ प्रतिशतले महिलाहरूलाई जग्गा दर्ता शुल्कमा छुट, ९ प्रतिशतले स्वास्थ्य बीमा, ९ प्रतिशतले विधवा/एकल महिला भत्ता, ७ प्रतिशत नागरिकहरूले दलित/सीमान्तकृत विधार्थीको लागि सामुदायिक विद्यालयमा छात्रबृत्ति र २ प्रतिशतले अपाङ्गता भत्ताको सुविधा लिएको पाईयो ।

तथापि, अझै पनि ७१ प्रतिशत नागरिकहरूले भौगोलिक/सीमान्तकृत समुदाय सदस्य भत्ताको, ६६ प्रतिशत नागरिकहरूले बेरोजगारी भत्ता, ४१ प्रतिशतले स्वास्थ्य बीमा, १५ प्रतिशतले महिलाहरूलाई जग्गा दर्ता शुल्कमा छुट, ११ प्रतिशतले छात्राहरूको लागि सामुदायिक विद्यालयमा छात्रबृत्ति, ८ प्रतिशत नागरिकहरूले दलित/सीमान्तकृत विधार्थीको लागि सामुदायिक विद्यालयमा छात्रबृत्ति, ५ प्रतिशतले अपाङ्गता भत्ता, ५ प्रतिशतले बालबालिकाका लागि निःशुल्क आधारभूत र माध्यमिक शिक्षाको सुविधा, ३ प्रतिशत नागरिकहरूले स्वास्थ्य चौकीवाट प्रदान गरिने निःशुल्क औषधी र स्वास्थ्य सुविधा र १ प्रतिशतले बृध्द (जेष्ठ नागरिक) भत्ता सन्दर्भमा आँफू अनभिज्ञ रहेको भन्ने जवाफ दिएका छन् । त्यस्तै सामाजिक सुरक्षाको सुविधाका बारेमा सुनेका तर सो सेवा सुविधा नलिनेहरूको प्रतिशत पनि उल्लेख्य नै देखिन्छ । यसरी चित्र २५ मा प्रस्तुत तथ्याङ्कले नागरिकको सुरक्षाका लागि सरकारवाट भएका सामाजिक सुरक्षाका प्रयत्नहरूको व्यापक रूपमा प्रचार प्रसारको खाँचोलाई औंल्याएको छ ।

चित्र २६. बिगत ५ बर्षको अबधिमा महसूस गरेका परिवर्तनहरू (संख्या= १६७८, % मा)



नोटः चित्रमा थाहा छैन/भन्न सक्दिन भनि उत्तर दिनेको संख्या समावेश गरिएको छैन ।

लुम्बिनी प्रदेश का नागरिकहरूलाई सोधिएको विगत ५ वर्षको अवधिमा महसूस गरेका परिवर्तनहरूको बारेको तथ्याङ्कहरूलाई चित्र २६ मा प्रस्तुत गरिएको छ । उनीहरूका अनुसार विगत ५ वर्षको अवधिमा सवैभन्दा धेरै सुधार आएको क्षेत्रमा वृद्ध/अपाङ्ग/विधवा आदिका लागि सरकारी कल्याण योजना/सामाजिक सुरक्षा (८९%) रहेको पाईयो भने सवैभन्दा कम सुधार आएको क्षेत्रमा खाद्य सुरक्षा रहेको पाईयो । अझ भन्नुपर्दा ३९ प्रतिशत नागरिकहरू खाद्य सुरक्षाको अवस्था उस्तै रहेको मान्दछन् भने ३ प्रतिशत नागरिकहरू खाद्य सुरक्षाको अवस्था झन खराव भएको महसूस गरेको पाईयो । त्यस्तै २ प्रतिशत नागरिकहरू पहिरो/बाढी/विपद्बाट संरक्षण झन् खराव भएको, २ प्रतिशत नागरिकहरू आफ्नो जीवनको सुरक्षाको अनुभूतिको अवस्था झन् खराव भएको र १ प्रतिशत नागरिकहरू उपभोक्ताको अधिकार झन् खराव भएको महसूस गरेको पाईयो । तथापि आफ्नो जीवनको सुरक्षाको अनुभूतिमा सुधार आएको भनि ६९ प्रतिशत नागरिकहरू, पहिरो/बाढी/विपद्बाट संरक्षणमा सुधार आएको भनि ५९ प्रतिशत नागरिकहरू, निजी सम्पत्तिको सुरक्षाको अनुभूतिमा सुधार आएको भनि ६८ प्रतिशत नागरिकहरू र उपभोक्ताको अधिकारको अवस्थामा सुधार आएको भनि ६१ प्रतिशत नागरिकहरूले आफ्नो धारणा राखेबाट समाजमा विगत ५ वर्षको अवधिमा केही परिवर्तनहरूको महसूस भएको भन्न सकिन्छ ।

तथापि ३७ प्रतिशत नागरिकहरूले पहिरो/बाढी/विपद्बाट संरक्षणको अवस्था उस्तै छ भनि भन्नु, ३१ प्रतिशत नागरिकहरू निजी सम्पत्तिको सुरक्षाको अनुभूतिको अवस्था उस्तै रहेको मान्नु, ३२ प्रतिशत नागरिकहरूले उपभोक्ताको अधिकारको अवस्था उस्तै छ भनि भन्नु र २९ प्रतिशत नागरिकहरूले आफ्नो जीवनको सुरक्षाको अनुभूतिको अवस्था उस्तै रहेको मान्नुबाट समाजमा आगामी दिनहरूमा नागरिकले परिवर्तन महसूस गर्ने गरी अझ धेरै काम गर्नु बाँकी रहेको वताउछन् ।

चित्र २७ मा नागरिकहरूलाई सोधिएको यदि तपाईलाई आपद्-विपद् परेमा वा धनजनको क्षति भएमा मद्दत वा समाधानका लागि कसकोमा जानुहुन्छ भन्ने प्रश्नको प्राथमिकताक्रमको तथ्याङ्कलाई प्रस्तुत गरिएको छ । चित्र २७ मा प्रस्तुत तथ्याङ्कलाई बिश्लेषण गर्दा आपद्-विपद् परेमा वा धनजनको क्षति भएमा मद्दत वा समाधानका लागि पहिलो प्राथमिकीकरणमा टोल छिमेक/साथीहरू रहेको पाईयो जसमा कुल ८० प्रतिशत नागरिकहरूले टोल छिमेक/साथीहरूलाई पहिलो प्राथमिकतामा राखेका छन् । त्यस्तै ५ प्रतिशत नागरिकहरूले प्रहरीलाई पहिलो प्राथमिकतामा राखेको पाईयो भने १० प्रतिशत नागरिकहरूले स्थानीय निर्वाचित प्रतिनिधिहरूलाई पहिलो प्राथमिकतामा राखेका छन् र ३ प्रतिशत नागरिकहरूले स्थानीय/सामुदायिक अगुवाहरूलाई आपद्-विपद्मा पहिलो प्राथमिकताका सहयोगी भनि आफ्नो धारणा व्यक्त गरेको पाईयो । मात्र १ प्रतिशत नागरिकहरूले सरकारी कर्मचारी/कार्यालयलाई आपद्-विपद्मा पहिलो प्राथमिकताका सहयोगी भनि आफ्नो धारणा व्यक्त गरेको पाईयो ।

चित्र २७. आपद्-विपद्का सहयोगीहरू (संख्या= १६७८, % मा)



नोटः चित्रमा थाहा छैन/भन्न सक्दिन भनि उत्तर दिनेको संख्या समावेश गरिएको छैन ।

त्यस्तै ७१ प्रतिशत नागरिकहरूले प्रहरीलाई दोश्रो प्राथमिकतामा राखेका छन् भने १५ प्रतिशत नागरिकहरूले स्थानीय निर्वाचित प्रतिनिधिहरूलाई दोश्रो प्राथमिकतामा राखेको पाईयो । त्यस्तै ५ प्रतिशत नागरिकहरूले स्थानीय/सामुदायिक अगुवाहरूलाई आपद्-विपद्मा दोश्रो प्राथमिकताका सहयोगी भनि आफ्नो धारणा व्यक्त गरेको पाईयो भने ३ प्रतिशत नागरिकहरूले टोल छिमेक/साथीहरूलाई दोश्रो प्राथमिकतामा राखेको पाईयो ।

मात्र १ प्रतिशत नागरिकहरूले सरकारी कर्मचारी/कार्यालयलाई आपद्-विपद्मा पहिलो प्राथमिकताका सहयोगी र ३ प्रतिशत नागरिकहरूले सरकारी कर्मचारी/कार्यालयलाई आपद्-विपद्मा दोश्रो प्राथमिकताका सहयोगी भनि आफ्नो धारणा व्यक्त गरेबाट सरकारी कर्मचारी/कार्यालयले भोलिका दिनहरूमा आपद् विपद्मा सहयोगीको भूमिकालाई धेरै मात्रामा वढाउन जरूरत देखिन्छ ।

समग्रमा, कुल ८३ प्रतिशत नागरिकहरूले टोल छिमेक/साथीहरूलाई, कुल ७६ प्रतिशतले प्रहरीलाई, कुल २५ प्रतिशत नागरिकहरूले स्थानीय निर्वाचित प्रतिनिधिलाई, कुल ८ प्रतिशतले स्थानीय/सामुदायिक अगुवाहरूलाई र कुल ४ प्रतिशतले सरकारी कर्मचारी/कार्यालयलाई आपद्-विपद्मा सहयोग गर्ने पहिलो या दोश्रो प्राथमिकताका सहयोगी भनि मानेको पाईयो ।

परिच्छेद
४

सार्वजनिक सेवा प्रवाह

नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ ले सार्वजनिक सेवा प्रति नागरिकको अनुभव, सेवा प्राप्त गर्न गरीएका प्रयास, सेवा शुल्कका साथै अतिरिक्त लागत र सार्वजनिक सेवाको वातावरण लगायतलाई समावेश गरी सार्वजनिक सेवा प्रवाहका सम्वन्धमा नागरिकहरूको धारणा बुझ्ने प्रयास गरिएको थियो । त्यसै सेरोफेरोमा रहेर यस परिच्छेद्मा सार्वजनिक सेवा प्रवाहका बारेमा वर्णन गरिएको छ । अझ भन्नुपर्दा, परिवारको सदस्यले सरकारी कार्यालयमा बिगतमा कहिल्यै सेवा लिए/नलिएको, सेवा लिन कसैको सहयोग चाहिए/नचाहिएको, सेवा लिनको लागि कति पटक प्रयास गर्नुपर्यो, सेवा लिंदा कुनै शुल्क तिरे/नतिरेको, सरकारी कर्मचारीहरूको व्यवहार र सेवामा व्यवधान तथा समस्या भोगे/नभोगेको बारेको नागरिकहरूको धारणाको बिश्लेषण यस परिच्छेद्मा गरिएको छ ।

४.१ सार्वजनिक सेवाको प्रयोग

सार्वजनिक सेवा वितरण राज्यको दायित्व र नागरिकको अधिकारको विषय रहेको सन्दर्भमा सर्वेक्षणले लुम्बिनी प्रदेश का नागरिकहरूलाई "तपाई वा तपाईको परिवारको सदस्य सरकारी कार्यालयमा सेवा लिन अन्तिम पटक कहिले जानुभएको थियो" भनि सोधिएको थियो । यस सम्वन्धी तथ्याङ्क चित्र २८ मा प्रस्तुत गरिएको छ । समग्रमा ३१ प्रतिशत नागरिकहरूले बिगत ६ महिनामा आँफै वा आफ्नो परिवारको सदस्य सरकारी कार्यालय गएर सेवा (जस्तैः नागरिकता, सिफारिस, राहदानी, आदि) लिएको देखिन्छ भने २१ प्रतिशत नागरिकहरूले बिगत एक बर्षभित्रमा आँफै वा आफ्नो परिवारको सदस्य सरकारी कार्यालय गएर सेवा लिएको देखिन्छ । त्यस्तै ७ प्रतिशत नागरिकहरूले बिगत दुई बर्षभित्रमा आँफै वा आफ्नो परिवारको सदस्य सरकारी कार्यालय गएर सेवा लिएको देखिन्छ भने ३७ प्रतिशत नागरिकहरूले अन्तिम पटक आँफै वा आफ्नो परिवारको सदस्य सरकारी कार्यालय गएर सेवा लिएको दुई वर्ष भन्दा धेरै अवधि वितिसकेको भनि भनेका छन् । आँफै वा आफ्नो परिवारको सदस्य सरकारी कार्यालय गएर कहिल्यै सेवा लिएको छैन वा कहिल्यै सरकारी कार्यालय गएको छैन भन्ने नागरिकहरू ४ प्रतिशत रहेको पाईयो ।

चित्र २८. सरकारी कार्यालयवाट दिईने सेवाको प्रयोग (संख्या= १६७८, % मा)



नोट: चित्रमा थाहा छैन/भन्न सक्दिन भनि उत्तर दिनेको संख्या समावेश गरिएको छैन ।

%सामाजिक तथा जनसाङ्ख्यिक विशेषताहरूको आधार अन्तर्गत पालिकागत तथ्याङ्कलाई विश्लेषण गर्दा बिगत ६ महिनामा गाउँपालिकाको भन्दा नगरपालिकाका नागरिकहरूले बढी मात्रामा (क्रमशः २७ र ३५%) आँफै वा आफ्नो परिवारको सदस्य सरकारी कार्यालय गएर सेवा (जस्तैः नागरिकता, सिफारिस, राहदानी, आदि) लिएको देखिन्छ । गाउँपालिकाका ४० प्रतिशत नागरिकहरूले अन्तिम पटक आँफै वा आफ्नो परिवारको सदस्य सरकारी कार्यालय गएर सेवा लिएको दुई वर्ष भन्दा धेरै अवधि वितिसकेको भनि भनेका छन् भने नगरपालिकाको हकमा ३३ प्रतिशत नागरिकहरूले यसो भनेका छन् । त्यसैगरी महिलाहरू भन्दा पुरूषहरूले धेरै मात्रामा (क्रमशः २७ र ३५%) आँफै वा आफ्नो परिवारका सदस्य मार्फत् सरकारी कार्यालय गएर सेवा (जस्तैः नागरिकता, सिफारिस, राहदानी, आदि) लिएको देखिन्छ । अन्तिम पटक आँफै वा आफ्नो परिवारको सदस्य सरकारी कार्यालय गएर सेवा लिएको दुई वर्ष भन्दा धेरै अवधि वितिसकेको भन्ने महिला तथा पुरूष दुवै ३७ प्रतिशत रहेका छन् । त्यस्तै ४०-५९ उमेर समूहका ३३ प्रतिशत नागरिकहरू, ६० र सो भन्दामाथि उमेर समूहका ३१ प्रतिशत र २५-३९ तथा १८-२४ उमेर समूहका समान ३० प्रतिशत नागरिकहरूले बिगत ६ महिनामा आँफै वा आफ्नो परिवारका सदस्य मार्फत् सरकारी कार्यालय गएर सेवा (जस्तैः नागरिकता, सिफारिस, राहदानी, आदि) लिएको देखिन्छ । ६० र सो भन्दामाथि उमेर समूहका ४२ प्रतिशत नागरिकहरूले अन्तिम पटक आँफै वा आफ्नो परिवारको सदस्य सरकारी कार्यालय गएर सेवा लिएको दुई वर्ष भन्दा धेरै अवधि वितिसकेको भनि उल्लेख गरेका छन् ।

शिक्षाको आधारको तथ्याङ्कलाई विश्लेषण गर्दा उच्च शिक्षा हासिल गरेका समूहका ५३ प्रतिशत नागरिकहरू बिगत ६ महिनामा आँफै वा आफ्नो परिवारका सदस्य मार्फत् सरकारी कार्यालय गएर सेवा (जस्तैः नागरिकता, सिफारिस, राहदानी, आदि) लिएको पाईयो । निरक्षरहरूको हकमा ४५ प्रतिशतले अन्तिम पटक आँफै वा आफ्नो परिवारको सदस्य सरकारी कार्यालय गएर सेवा लिएको दुई वर्ष भन्दा धेरै अवधि वितिसकेको भनि भनेका छन् भने ९ प्रतिशत ले आँफै वा आफ्नो परिवारको सदस्य सरकारी कार्यालय गएर कहिल्यै सेवा लिएको छैन वा कहिल्यै सरकारी कार्यालय गएको छैन भन्ने उत्तर दिएका छन् । यसरी हेर्दा सरकारले निरक्षर नागरिकहरू जो सेवा लिन गईरहेका छैनन्, उनीहरूलाई कसरी संयन्त्रमा समेटी सबैलाई सहज हुने खालको सेवा प्रवाह गर्न सकिन्छ भन्ने सोच्नु आवश्यक देखिन्छ । त्यसैगरी आँफै वा आफ्नो परिवारका सदस्य मार्फत् सरकारी कार्यालय गएर सेवा लिनेहरूमा सबैभन्दा बढी पहाडे ब्राह्मण/संन्यासी (४३%) र त्यसपछि पहाडे जनजाति (३३%) र पहाडे क्षेत्री/ठकुरी (३२%) रहेको पाईयो । अन्तिम पटक आँफै वा आफ्नो परिवारको सदस्य सरकारी कार्यालय गएर सेवा लिएको दुई वर्ष भन्दा धेरै अवधि वितिसकेको भनि भन्न्ने जातिमा सबैभन्दा बढी मुसलमान (५१%) र त्यसपछि दलित (४३%) रहेको पाईयो । त्यस्तै सेवा (४२%) र कृषि (३२%) पेशामा आवद्ध नागरिकहरू सबैभन्दा बढी बिगत ६ महिनामा आँफै वा आफ्नो परिवारका सदस्य मार्फत् सरकारी कार्यालय गएर सेवा लिनेहरूमा परेको पाईयो भने अन्तिम पटक आँफै वा आफ्नो परिवारको सदस्य सरकारी कार्यालय गएर सेवा लिएको

दुई वर्ष भन्दा धेरै अवधि वितिसकेको भनि भन्नेमा ज्यालादारी (४५%) र घरायसी काम (४४%) पेशामा आवद्ध नागरिकहरू रहेको पाईयो । त्यस्तै आर्थिक अवस्थाका हिसावले धनी नागरिकहरू (४४%) ले सबैभन्दा बढी बिगत ६ महिनामा आँफै वा आफ्नो परिवारका सदस्य मार्फत् सरकारी कार्यालय गएर सेवा लिएको र अन्तिम पटक आँफै वा आफ्नो परिवारको सदस्य सरकारी कार्यालय गएर सेवा लिएको दुई वर्ष भन्दा धेरै अवधि वितिसकेको भनि बढी मात्रामा भन्नेहरूमा पनि धनी बर्गकै व्यक्तिहरू नै रहेको पाईयो ।

४.२ सार्वजनिक सेवाप्रतिको अनुभव

कुशल सार्वजनिक सेवा भन्नाले कुनै व्यवधान/समस्या बिना सहज रूपमा पाउने सेवालाई बुझ्न सकिन्छ । यदि सरल र सहज रूपमा सार्वजनिक सेवा प्रवाह भएमा सेवाग्राहीहरूको सेवा प्रति मात्र नभएर समग्र सार्वजनिक सेवा प्रति नै सकारात्मक अनुभव रहन्छ ।

बिगत दुइ बर्षभित्रमा सरकारी कार्यालयवाट सेवा लिएका नागरिकहरूलाई उक्त सेवा लिन कसको सहयोग लिनुभयो भनि सोधिएको थियो । यस सम्वन्धी तथ्याङ्क चित्र २९ मा प्रस्तुत गरिएको छ । कुल ९८१ नागरिकहरू मध्ये ५५ प्रतिशतले कसैको सहयोग बिना उक्त सेवा लिएको पाईयो भने ४० प्रतिशत नागरिकहरूले परिवारको सदस्य/नातेदार/छिमेकी/साथीको सहयोगमा उक्त सेवा लिन सफल भएको पाईयो । त्यसैगरी ३ प्रतिशत नागरिकहरूले सरकारी कर्मचारीको सहयोगमा उक्त सेवा लिएको पाईयो भने १ प्रतिशत नागरिकहरूले विचौलियावाट स:शुल्क उक्त सेवा लिएको पाईयो ।

चित्र २९. सेवा प्राप्तिको लागि सहायता (संख्या= ९८१, % मा)



नोट: बिगत दुइ बर्षभित्रमा सरकारी कार्यालयवाट सेवा लिएका नागरिकहरू मात्र ।

कुनै पनि सार्वजनिक सेवा चुस्त दुरूस्त हुनका लागि सेवाग्राहीले सबै कागजात पुगेको अवस्थामा पहिलो प्रयासमा नै सेवा पाउने खालको हुनु पर्छ । पटक पटक सेवा लिने प्रयास गर्नुपर्ने अवस्थाले सेवाग्राहीले भोग्नुपरेको कठिनाईको चित्रण गर्छ । यसै सन्दर्भमा सर्वेक्षणले लुम्बिनी प्रदेश का नागरिकहरूलाई "तपाई वा तपाईको परिवारका सदस्यले सरकारी कार्यालयवाट अन्तिम पटक लिनुभएको सेवा लिन कति पटक प्रयास गर्नु भयो" भनि सोधिएको थियो । यस सम्वन्धी तथ्याङ्क चित्र ३० मा प्रस्तुत गरिएको छ । समग्रमा यस प्रदेशका ७५ प्रतिशत नागरिकहरूले पहिलो प्रयासमा, २० प्रतिशत नागरिकहरूले दोस्रो प्रयासमा र ५ प्रतिशत नागरिकहरूले तेस्रो प्रयासमा सेवा प्राप्त गरेको देखिन्छ ।

%सामाजिक तथा जनसाङ्ख्यिक विशेषताहरूको आधार अन्तर्गत पालिकागत तथ्याङ्कलाई विश्लेषण गर्दा सरकारी कार्यालयमा सेवा लिन जाँदा पहिलो प्रयासमै सेवा प्राप्त गर्नेहरूको प्रतिशत नगरपालिकामा भन्दा गाउँपालिकामा बढी (क्रमशः ७३ र ७६%) रहेको छ । तर तेश्रो प्रयासमा सेवा प्राप्त गर्नेहरूको प्रतिशत भने दुवैमा बराबर (५%) रहेको छ । त्यसैगरी सरकारी कार्यालयमा सेवा लिन जाँदा पहिलो प्रयासमै सेवा प्राप्त गर्नेहरूमा पुरूष भन्दा महिलाहरू अगाडि (क्रमशः ७३ र ७७%) रहेका छन् । तर तेश्रो प्रयासमा सेवा प्राप्त गर्नेहरूको प्रतिशत भने दुवैमा बराबर (५%) रहेको छ । त्यस्तै ६० र सो भन्दामाथि उमेर समूहका ७९ प्रतिशत, २५-३९ उमेर समूहका ७८ प्रतिशत, ४०-५९ उमेर समूहका ७५ प्रतिशत र १८-२४ उमेर समूहका ६५ प्रतिशत नागरिकहरूले सरकारी कार्यालयमा सेवा लिन जाँदा पहिलो प्रयासमै सेवा प्राप्त गरेको पाईयो । शिक्षाको आधारको तथ्याङ्कलाई विश्लेषण गर्दा निरक्षर समूहका नागरिकहरू (७७%) सवैभन्दा बढी मात्रामा पहिलो प्रयासमै सेवा प्राप्त गर्ने समूहमा रहेको पाईयो भने त्यसपछि सवैभन्दा बढी मात्रामा पहिलो प्रयासमै सेवा प्राप्त गर्ने समूहमा पढ्न लेख्न सक्ने तर औपाचारिक शिक्षा नभएको समूहका नागरिकहरू (७८%) रहेको पाईयो । त्यसैगरी पहाडे क्षेत्री/ठकुरी (८०%) र पहाडे ब्राह्मण/संन्यासी (७९%) समुदायका व्यक्तिहरूले सरकारी कार्यालयमा सेवा लिन जाँदा पहिलो प्रयासमै सेवा प्राप्त गरेको पाईयो । तर नेवार (२७%) , मुसलमान (२५%), तराई जनजाति (२४%), तराई जाति (२३%) समुदायका व्यक्तिहरूले अरू समुदायका व्यक्तिहरूले भन्दा धेरै (दुई पटक) सेवा लिन प्रयास गर्नु परेको देखिन्छ । सरकारी कार्यालयमा सेवा लिन जाँदा तेश्रो पटकमा मात्र सेवा प्राप्त गर्नेहरूमा १० प्रतिशत तराई जाति समुदायका व्यक्ति रहनुले उनीहरूले सेवा लिँदाको बखत भोग्नुपरेको कठिनाईलाई उजागर गरेको छ ।

पेशागत रूपमा हेर्दा घरायसी काम गर्ने (८२%) र ज्यालादारी तथा सेवा पेशामा आवद्ध (दुबै ७५%) नागरिकहरू सरकारी कार्यालयमा सेवा लिन जाँदा पहिलो प्रयासमै सेवा प्राप्त गर्ने समूहमा रहेको पाईयो भने पहिलो प्रयासमै सेवा प्राप्त गर्ने समूहमा सबैभन्दा कम वेरोजगारहरू (६६%) रहेको पाईयो भने ६ प्रतिशत कृषि र व्यापारमा लाग्ने समूहका नागरिकहरूले तेश्रो प्रयासमा मात्र सेवा

चित्र ३०. सेवा प्राप्त गर्न गरीएका प्रयास (संख्या= ९८१, % मा)



नोटः बिगत दुइ बर्षभित्रमा सरकारी कार्यालयवाट सेवा लिएका नागरिकहरू मात्र ।

प्राप्त गरेको पाईयो । त्यस्तै ८९ प्रतिशत धनी वर्गका व्यक्तिहरूले पहिलो प्रयासमानै सेवा प्राप्त गरेको देखिन्छ भने धेरै २१ प्रतिशत मध्यम वर्ग र २० प्रतिशत गरीव वर्गका व्यक्तिहरूले दोस्रो प्रयासमा सेवा प्राप्त गरेको देखिन्छ । यसैगरी, अरू वर्गको व्यक्तिहरूसंग तुलना गर्दा सबैभन्दा धेरै ७ प्रतिशत गरीव वर्गका व्यक्तिहरूले सरकारी कार्यालयमा सेवा लिन जाँदा तीन पटकसम्म प्रयास गरेको पाईयो ।

कुनै पनि सार्वजनिक सेवा प्राप्ति गर्दा तोकिएको भन्दा बढी लागत लाग्नु र तिरेको पैसाको रसिद नपाउनुलाई पारदर्शी, कुशल र अनुमानयोग्य सेवा मान्न सकिदैन । यसै सन्दर्भमा नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ ले लुम्बिनी प्रदेशका नागरिकहरूलाई "तपाई वा तपाईको परिवारका सदस्यले सरकारी कार्यालयवाट अन्तिम पटक सेवा लिंदा कुनै शुल्क तिर्नुभयो" भनि सोधिएको थियो । यस सम्वन्धी तथ्याङ्क चित्र ३१ मा प्रस्तुत गरिएको छ । समग्रमा ७१ प्रतिशत नागरिकहरूले शुल्क तिरेको तर तिरेको रकमको रसिद प्राप्त गरेको वताएका छन् भने ६ प्रतिशत नागरिकहरूले आँफूले तिरेको शुल्कको रसिद प्राप्त नगरेको वताएका छन् । अनुपातिक हिसावमा रसिद प्राप्त गर्ने भन्दा रसिदं प्राप्त नगर्ने संख्या कम देखिए पनि यो आँफैमा निकै गहन बिषय रहेको छ । यस तथ्यले हाम्रो सार्वजनिक सेवामा भ्रष्टाचारतर्फ इंगित गरेको देखिन्छ ।

%सामाजिक तथा जनसाङ्ख्यिक विशेषताहरूको आधार अन्तर्गत पालिकागत तथ्याङ्कलाई विश्लेषण गर्दा सरकारी कार्यालयमा सेवा लिन जाँदा तिरेको सवै शुल्कको रसिद प्राप्त नगरेको वताउने नागरिक नगरपालिकामा भन्दा गाउँपालिकामा बढी (क्रमशः ५ र ७%) रहेको छ । त्यस्तै सेवा लिंदा कुनै शुल्क नतिर्ने नागरिक पनि गाउँपालिकामा बढी रहेको पाईयो । त्यसैगरी महिला भन्दा पुरूषहरूले बढी मात्रामा (क्रमशः ५ र ६%) सरकारी कार्यालयमा सेवा लिन जाँदा तिरेको सवै शुल्कको रसिद प्राप्त नगरेको भनि वताएका छन् । तर सेवा लिंदा कुनै शुल्क नतिर्नेमा महिलाहरू बढी रहेको पाईयो ।

त्यस्तै ६० र सो भन्दामाथि उमेर समूहका ८ प्रतिशत , २५-३९ उमेर समूहका ६ प्रतिशत र ४०-५९ उमेर समूहका साथै १८-२४ उमेर समूहका दुवै ५ प्रतिशत नागरिकहरूले सरकारी कार्यालयमा सेवा लिन जाँदा तिरेको सवै शुल्कको रसिद प्राप्त नगरेको भनि वताएका छन् । त्यस्तै सेवा लिंदा कुनै शुल्क नतिर्नेमा ४०-५९ उमेर समूहका नागरिकहरू २४ प्रतिशत रहेको पाईयो । शिक्षाको आधारको तथ्याङ्कलाई विश्लेषण गर्दा निरक्षर समूहका र पढ्न लेख्न सक्ने तर औपाचारिक शिक्षा नभएको समूहका नागरिकहरू (दुवै ७%) ले सवैभन्दा बढी मात्रामा सरकारी कार्यालयमा सेवा लिन जाँदा तिरेको सवै शुल्कको रसिद प्राप्त नगरेको भनि वताएका छन् भने सेवा लिंदा कुनै शुल्क नतिर्नेमा पनि निरक्षर समूहका नागरिकहरू नै धेरै (२५%) रहेको छ । त्यस्तै तराई जाति (१४%), तराई जनजाति (७%) र मुसलमान (६%) समुदायका व्यक्तिहरूले अरू समुदायका व्यक्तिहरूले भन्दा धेरै

चित्र ३१. सार्वजनिक सेवा लिँदाको अनुभव (संख्या= ९८१, % मा)



नोटः बिगत दुइ बर्षभित्र सेवा लिएका नागरिकहरू मात्र ।

मात्रामा सरकारी कार्यालयमा सेवा लिन जाँदा तिरेको सवै शुल्कको रसिद प्राप्त नगरेको भनि वताएका छन् । सेवा लिंदा कुनै पनि शुल्क नतिर्नेमा भने दलित र पहाडे जनजाति (दुवै २९%) समूहका नागरिकहरू धेरै रहेका छन् । पेशागत रूपमा हेर्दा कृषिमा लाग्ने समूह र वेरोजगारहरू (दुवै ८%) ले धेरै मात्रमा सरकारी कार्यालयमा सेवा लिन जाँदा तिरेको सवै शुल्कको रसिद प्राप्त नगरेको भनि वताएका छन् । सेवा लिंदा कुनै पनि शुल्क नतिर्नेमा भने घरायसी काम र अन्य पेशामा संलग्न नागरिकहरू धेरै (दुवैमा २९%) रहेका छन् । त्यस्तै आर्थिक अवस्थाका हिसावले सबैभन्दा धेरै मध्यम वर्गका नागरिकहरूले सेवा लिन जाँदा तिरेको सवै शुल्कको रसिद प्राप्त नगरेको (२२%) भनि वताएका छन् ।

चित्र ३२. सरकारी कर्मचारीहरूको काम कारवाही र व्यवहार प्रतिको धारणा
(संख्या= ९८१, % मा)



नोटः बिगत दुइ बर्षभित्र सेवा लिएका नागरिकहरू मात्र । चित्रमा केही मात्रामा असहमत छु, पूर्ण असहमत छु र थाहा छैन/भन्न सक्दिन भनि उत्तर दिने संख्या समावेश गरिएको छैन ।

चित्र ३२ मा नागरिकहरूमा सरकारी कर्मचारीहरूको काम कारवाही र व्यवहार सम्वन्धी तथ्याङ्क प्रस्तुत गरिएको छ । सरकारी कर्मचारीहरूले नियमको पालना गर्छन भन्नेमा मात्र १२ प्रतिशत नागरिकहरू पूर्ण सहमत छन् भने ५९ प्रतिशत केही मात्रामा सहमत छन् । त्यस्तै सरकारी कर्मचारीले सेवाग्राहीका कुराहरू राम्रोसंग सुन्छन्/बुझ्छन् भन्नेमा मात्र ९ प्रतिशत नागरिकहरू पूर्ण

सहमत छन् भने ५७ प्रतिशत केही मात्रामा सहमत छन् । त्यसैगरी सरकारी कर्मचारीले सेवाको बारेमा स्पष्ट सूचना दिन्छन् भन्नेमा मात्र १३ प्रतिशत नागरिकहरू पूर्ण सहमत छन् भने ५७ प्रतिशत केही मात्रामा सहमत छन् । सरकारी कर्मचारीले नम्र भाषा प्रयोग गर्छन भन्नेमा मात्र ९ प्रतिशत नागरिकहरू पूर्ण सहमत छन् भने ६१ प्रतिशत केही मात्रामा सहमत छन् । त्यस्तै सरकारी कर्मचारीले समयमा सेवा उपलब्ध गराउँछन् भन्नेमा मात्र ९ प्रतिशत नागरिकहरू पूर्ण सहमत छन् भने ४४ प्रतिशत केही मात्रामा सहमत छन् । त्यसैगरी सरकारी कर्मचारीले मित्रभाव/मिलनसार व्यवहार गर्छन भन्नेमा मात्र ८ प्रतिशत नागरिकहरू पूर्ण सहमत छन् भने ५८ प्रतिशत केही मात्रामा सहमत छन् । सरकारी कर्मचारीले केही पनि झन्झट/समस्या दिदैनन् भन्नेमा मात्र ८ प्रतिशत नागरिकहरू पूर्ण सहमत छन् भने ३२ प्रतिशत केही मात्रामा सहमत छन् । समग्रमा सरकारी कर्मचारीहरूले नियमको पालना गर्छन भन्नेमा सबैभन्दा धेरै नागरिकहरू (७१%) सहमत वा पूर्ण सहमत रहेको पाईयो भने सरकारी कर्मचारीले केही पनि झन्झट/समस्या दिदैनन् भन्नेमा सबैभन्दा थोरै नागरिकहरू (मात्र ४०%) सहमत वा पूर्ण सहमत रहेको पाईयो ।

चित्र ३३. सार्वजनिक सेवा लिनमा व्यवधान/समस्या (संख्या= ९८१, % मा)



नोटः बिगत दुइ बर्षभित्र सेवा लिएका नागरिकहरू मात्र । चित्रमा केही मात्रामा असहमत छु, पूर्ण असहमत छु र थाहा छैन/भन्न सक्दिन भनि उत्तर दिने संख्या समावेश गरिएको छैन ।

चित्र ३३ मा नागरिकहरूलाई सार्वजनिक सेवा लिनमा व्यवधान/समस्या बारेमा सोधिएको प्रश्नको तथ्याङ्कलाई प्रस्तुत गरिएको छ । लुम्बिनी प्रदेश को सार्वजनिक सेवा लिनमा व्यवधान/समस्या सम्बन्धी तथ्य अध्ययन गर्दा नागरिकहरूलाई आफ्नो वा चिनेको मान्छे नहुनु (८९%), दुरी/असहज

भौगोलिक अवस्थिति (७७%), सरकारी कर्मचारीको व्यवहार (७४%) भएकोले सरकारी सेवा लिन जाँदा सबैभन्दा धेरै समस्या आउने कुरा मा सहमति जनाएका छन् । यसै गरी शारीरिक अशक्तता (६९%), विचौलियाको उपस्थिति (६८%), सेवाग्राही महिला वा पुरूष (५०%) भएका कारण सेवा पाउन समस्या आउने कुरा मा सहमति देखाएको पाइयो । त्यसै गरी भाषा (४५%) र जात/जातीयता (३९%) का कारण पनि समस्या आउने गरेको कुरा माथिको तथ्यले दर्शाएको छ । सार्वजनिक सेवा लिनमा धेरै कुराहरूले गर्दा आम नागरिकलाई व्यवधान/समस्या आइपर्ने देखिएको छ । यी उल्लिखित कुराहरूलाई समाधान गर्दै सेवाग्राही मैत्री सेवा निर्माणका तर्फ अगाडि नबढेसम्म नागरिकले प्रत्याभूत गरेको सेवा प्राप्त हुन नसक्ने देखिन्छ ।

४.३ सार्वजनिक सेवाको वातावरण

असल सार्वजनिक प्रशासनको महत्वपूर्ण मापकको रूपमा स्वच्छ, सबल, निष्पक्ष, पारदर्शी, जबाफदेही, सहभागितामूलक प्रशासन रहेको हुन्छ । सोको मापन आमजनताले आँफूले प्राप्त गरेको सेवाको सहजता र सेवाप्रदायकको आँफूप्रतिको व्यबहार बाट गर्ने गर्दछन् । यसै सन्दर्भमा सार्वजनिक सेवामा सहजता, सार्वजनिक सेवा प्रति नागरिकको धारणा र सरकारी सेवामा सन्तुष्टी जस्ता प्रश्नहरूलाई समेटी सर्वेक्षणले लुम्बिनी प्रदेश का नागरिकहरूको सार्वजनिक सेवाको वातावरण प्रतिको धारणा बुझ्ने प्रयास गरिएको थियो ।

चित्र ३४. सार्वजनिक/सरकारी सेवाहरू लिनमा सहजता (संख्या= १६७८, % मा)



नोटः चित्रमा कहिल्यै प्रयास गरेको छैन र थाहा छैन/भन्न सक्दिन भनि उत्तर दिने संख्या समावेश गरिएको छैन ।

आमजनताले सहज रूपमा अत्यावश्यक सेवाहरू पाउन सकेमा सार्वजनिक सेवाको पहुँच अभिबृध्दि हुन्छ । यसै सन्दर्भमा सर्वेक्षणले लुम्बिनी प्रदेश का नागरिकहरूलाई "सार्वजनिक/सरकारी सेवाहरू लिनमा नागरिकहरूले कत्तिको सहजता महसूस गरेका छन्" भनि उनीहरूको धारणा बुझ्ने प्रयास गरिएको थियो । यस सम्वन्धी तथ्याङ्क चित्र ३४ मा प्रस्तुत गरिएको छ ।

चित्र ३४ मा प्रस्तुत सार्वजनिक/सरकारी सेवाहरू लिनमा सहजता सम्बन्धी तथ्य विश्लेषण गर्दा धेरैजसो आवश्यक सेवा प्राप्तिका लागि जनताले असहजता महसूस गरेको पाइयो । विद्युत जडान गर्न, खानेपानी धारा जडान गर्न, जग्गा पास गर्न र रेकर्ड प्राप्त गर्न क्रमशः ४७ प्रतिशत, ४३ प्रतिशत र ३७ प्रतिशत नागरिकहरूले असहज वा अत्यन्त असहज रहेको भनि आफ्नो धारणा राखेबाट सार्वजनिक/सरकारी सेवाहरू लिनमा नागरिकहरूले धेरै मात्रामा असहजता महसूस गरेको पाईन्छ । यसैगरी नागरिकता लिन (२७%), नजिकको सरकारी अस्पतालमा वा स्वास्थ्य संस्थामा उपचार गर्न (२५%) र पञ्जिकरण (जन्मदर्ता, विवाह दर्ता, मृत्युदर्ता आदि) गर्न (१४%) नागरिकहरूले असहज रहेको बताएका छन् । तथापि सरकारी विद्यालयमा बच्चाको भर्ना गर्न भने मात्र ४ प्रतिशत नागरिकहरूले मात्र असहज रहेको बताएका छन् । यसले कम्तिमा शिक्षा सम्वन्धी सेवाहरू लिनमा नागरिकहरूले सहजता महसूस गरेकोले सकारात्मकतातर्फ इंगित गरेको छ ।

चित्र ३५. सार्वजनिक सेवाको वातावरण प्रतिको विश्वस्तता (संख्या= १६७८, % मा)



नोटः चित्रमा थाहा छैन/भन्न सक्दिन भनि उत्तर दिने संख्या समावेश गरिएको छैन ।

चित्र ३५ मा नागरिकहरूमा सार्वजनिक सेवाको वातावरण प्रतिको विश्वस्तता सम्वन्धी तथ्याङ्क प्रस्तुत गरिएको छ । समग्रमा सरकारी कार्यालयमा कुनै झण्झट विना सेवा प्राप्त गर्न सकिन्छ भन्नेमा पूर्ण वा केही मात्रामा सहमत हुने भन्दा केही वा पूर्ण मात्रामा असहमत हुने नागरिकहरू (क्रमशः ४० र ५६%) धेरै रहेको पाइयो । सरकारी कार्यालयमा सेवा लिन कागजपत्र मिलेरमात्र हुदैन, घुस पनि आवश्यक छ भन्नेमा पूर्ण वा केही मात्रामा सहमत हुनुहुनेहरू ६१ प्रतिशत रहेका छन् । यदि कसैसंग चिनेको वा पहुँच छ भने जसरी पनि काम हुन्छ भन्नेमा ८६ प्रतिशत नागरिक पूर्ण वा केही मात्रामा सहमत छन् । त्यस्तै सरकारी कार्यालयमा तोकिएको समयमा सेवा उपलब्ध गराईन्छ भन्नेमा मात्र ४९ प्रतिशत नागरिकहरू पूर्ण वा केही मात्रामा सहमत छन् ।

त्यस्तै सरकारी कार्यालयहरूमा सेवाहरू तोकिएको मापदण्डमा उपलब्ध गराइन्छ भन्नेमा ५४ प्रतिशत नागरिक पूर्ण वा केही मात्रामा सहमत छन् भने मात्र ५९ प्रतिशत नागरिकहरू प्रायजसो सेवाग्राहीले आँफैले (विचौलियाको सहयोग विना) सेवा लिन सक्छन् भन्नेमा पूर्ण वा केही मात्रामा सहमत भएका छन् । त्यसैगरी सरकारी कर्मचारीहरूले पर्याप्त तलव र सुविधा प्राप्त गरेका छन् भन्नेमा ८१ प्रतिशत नागरिक पूर्ण वा केही मात्रामा सहमत छन् भने सरकारी कार्यालयमा पर्याप्त साधन र सुविधाहरू छन् भन्नेमा ७० प्रतिशत नागरिक पूर्ण वा केही मात्रामा सहमत छन् । अन्त्यमा, राजनीतिक दलले आफ्नो अनुकूल काम गर्न सरकारी कर्मचारीलाई हस्तक्षेप गर्दैनन् भन्नेमा मात्र ३९ प्रतिशत नागरिक पूर्ण वा केही मात्रामा सहमत भएको पाइयो ।

नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ ले नागरिकहरूमा सरकारी सेवाप्रतिको सन्तुष्टी सम्वन्धमा लुम्बिनी प्रदेश का नागरिकहरूको धारणा बुझ्ने प्रयास गरेको थियो जसको तथ्याङ्क चित्र ३६ मा प्रस्तुत गरिएको छ । समग्रमा लुम्बिनी प्रदेश का ८५ प्रतिशत नागरिकहरू सरकारी सेवाप्रतिको पूर्ण वा केही मात्रामा सन्तुष्ट भएको पाईयो ।

%सामाजिक तथा जनसाङ्ख्यिक विशेषताहरूको आधार अन्तर्गत पालिकागत तथ्याङ्कलाई विश्लेषण गर्दा लगभग समान जस्तो नगरपालिका र गाउँपालिकाका नागरिकहरू (क्रमशः ८४ र ८६%) सरकारी सेवाप्रति पूर्ण वा केही मात्रामा सन्तुष्ट भएको पाईयो भने नागरिकको लिङ्गको आधारमा पनि लगभग समान जस्तो महिला र पुरूष (क्रमशः ८४ र ८८%) सरकारी सेवाप्रति पूर्ण वा केही मात्रामा सन्तुष्ट भएको पाईयो ।

त्यस्तै उमेर समूहको आधारको तथ्याङ्कलाई विश्लेषण गर्दा १८-२४ र २५-३९ बर्ष उमेर समूहका (दुवै ८६%) नागरिकहरू सवैभन्दा धेरै सरकारी सेवाप्रति पूर्ण वा केही मात्रामा सन्तुष्ट भएको पाईयो । सवैभन्दा कम सन्तुष्ट हुने उमेर समूहमा ६० र सो भन्दामाथि उमेर समूहका नागरिकहरू रहेको पाईयो । शिक्षाको आधारको तथ्याङ्कलाई विश्लेषण गर्दा पढ्न लेख्न सक्ने तर औपचारिक

चित्र ३६. सरकारी सेवाप्रति सन्तुष्टी (संख्या= १६७८, % मा)



नोटः चित्रमा केही असन्तुष्ट छु, पूर्ण असन्तुष्ट छु र थाहा छैन/भन्न सक्दिन भनि उत्तर दिने संख्या समावेश गरिएको छैन ।

शिक्षा नभएको समूहका नागरिकहरू र आधारभूत शिक्षा हासिल गरेका समूहका नागरिकहरू (दुवै ८९%) सवैभन्दा धेरै सरकारी सेवाप्रति पूर्ण वा केही मात्रामा सन्तुष्ट हुने समूहमा रहेको पाईयो । सवैभन्दा कम सन्तुष्ट हुनेमा माध्यमिक शिक्षा हासिल गरेका समूहका नागरिकहरू (६८%) रहेको पाईयो ।

जातिगत रूपमा तथ्याङ्कको विश्लेषण गर्दा नेवारहरू (९५%) र त्यसपछि मुसलमान (९४%) समूहका नागरिकहरू सवैभन्दा धेरै सरकारी सेवाप्रति पूर्ण वा केही मात्रामा सन्तुष्ट हुने समूहमा रहेको पाईयो । सवैभन्दा कम सन्तुष्ट हुनेमा दलित (८०%) समूहका नागरिकहरू रहेको पाईयो । पेशागत रूपमा हेर्दा कृषि (८७%) र ज्यालादारी (८६%) सेवामा आवद्ध नागरिकहरू सवैभन्दा धेरै सरकारी सेवाप्रति पूर्ण वा केही मात्रामा सन्तुष्ट हुने समूहमा रहेको पाईयो । सवैभन्दा कम सन्तुष्ट हुनेमा वेरोजगार (७९%) समूहका नागरिकहरू रहेको पाईयो । त्यस्तै आर्थिक अवस्थाका हिसावले धनी समूह (८९%) का नागरिकहरू सवैभन्दा धेरै सरकारी सेवाप्रति पूर्ण वा केही मात्रामा सन्तुष्ट हुने समूहमा रहेको पाईयो भने सवैभन्दा कम सन्तुष्ट हुनेमा गरीव र मध्यम स्तर (समान ८५%) समूहका नागरिकहरू रहेको पाईयो ।

परिच्छेद

५ भविष्य प्रतिको धारणा

नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ ले नागरिकहरूको आफ्नो भविष्यको जीवनस्तरको बारेमा र देशको भावी आर्थिक र राजनैतिक अवस्थाको बारेमा नागरिकको धारणा बुझ्ने प्रयास गरेको थियो । उनीहरूलाई नेपाल "सही" वा "गलत" कुन दिशामा गइरहेको छ भनि उनीहरूको धारणा मापन गरिएको थियो । साथै उनीहरूलाई आगामी ५ बर्षमा के के परिवर्तन हुन्छ होला भनि सोधिएको थियो ।

लुम्बिनी प्रदेश का नागरिकहरूलाई सोधिएको "तपाईको बिचारमा देशको समग्र अवस्था सही या गलत कुन दिशातर्फ गईरहेको छ" भन्ने प्रश्नको उत्तर चित्र ३७ मा प्रस्तुत गरिएको छ । समग्र लुम्बिनी प्रदेश का नागरिकहरूमध्ये ७८ प्रतिशतले देश सही दिशातर्फ गईरहेको छ भनि आफ्नो धारणा राखेका छन् भने १८ प्रतिशतले देश गलत दिशातर्फ गईरहेको छ भनि आफ्नो धारणा राखेका छन् ।

चित्र ३७ मा प्रस्तुत %सामाजिक तथा जनसाङ्ख्यिक विशेषताहरूको आधारको पालिकागत तथ्याङ्कलाई विश्लेषण गर्दा नगरपालिकाका नागरिक भन्दा गाउँपालिकाका नागरिकहरूमा बढी मात्रामा (क्रमशः ७३ र ८२%) देश सही दिशातर्फ गईरहेको भन्नेमा विश्वस्तता रहेको पाईयो । त्यसैगरी पुरूष भन्दा महिलाहरू बढी मात्रामा (क्रमशः ७६ र ७९%) देश सही दिशातर्फ गईरहेको भन्नेमा विश्वस्त रहेको पाईयो । त्यस्तै २५-३९ बर्ष उमेर समूहका (८०%) नागरिकहरूमा बढी मात्रामा देश सही दिशातर्फ गईरहेछ भन्ने विश्वास रहेको पाईयो भने देश गलत दिशातर्फ गईरहेको छ भन्नेमा १८-२४ बर्ष उमरे समूहका (२२%) नागरिकहरू बढी रहेको पाईयो । पढ्न लेख्न सक्ने तर औपाचारिक शिक्षा नभएको समूहका नागरिकहरूमा (८५%) सवैभन्दा धेरै मात्रामा देश सही दिशातर्फ गईरहेछ भन्ने विश्वास रहेको पाईयो भने देश गलत दिशातर्फ गईरहेको छ भन्नेमा उच्च शिक्षा हासिल गरेका समूहका (४०%) नागरिकहरू रहेको पाईयो ।

त्यस्तै, नेवार (९०%) र त्यसपछि तराई जाति (८८%) का नागरिकहरू सवैभन्दा धेरै मात्रामा देश सही दिशातर्फ गईरहेछ भन्नेमा विश्वस्त रहेको पाईयो भने देश गलत दिशातर्फ गईरहेको छ भन्नेमा पहाडे ब्राह्मण/संन्यासी (३५%) नागरिकहरू बढी रहेको पाईयो रहेको पाईयो । पेशागत रूपमा हेर्दा कृषि (८३%) पेशामा आवद्ध नागरिकहरू बढी मात्रामा देश सही दिशातर्फ गईरहेछ

चित्र ३७. देशको समग्र अवस्था कता जान्छ (संख्या= १६७८, % मा)



भन्नेमा विश्वस्त रहेको पाईयो भने सेवा (२७%) पेशामा आवद्ध नागरिकहरू बढी मात्रामा देश गलत दिशातर्फ गईरहेछ भन्नेमा विश्वस्त रहेको पाईयो । त्यस्तै, गरीव (८२%) समूहका नागरिकहरू बढी मात्रामा देश सही दिशातर्फ गईरहेछ भन्नेमा विश्वस्त रहेको पाईयो भने बढी मात्रामा देश गलत दिशातर्फ गईरहेछ भन्नेमा धनी समूहका नागरिकहरू रहेको पाईयो ।

चित्र ३८. आगामी ५ बर्षमा हुने परिवर्तन प्रतिको धारणा (संख्या= १६७८, % मा)



त्यस्तै लुम्बिनी प्रदेश का नागरिकहरूलाई "तपाईको बिचारमा आगामी ५ बर्षमा के के परिवर्तन हुन्छ होला" भनि सोधिएको प्रश्नको उत्तर चित्र ३८ मा प्रस्तुत गरिएको छ । आगामी ५ बर्षमा नेपालको वर्तमान आर्थिक अवस्थामा सुधार हुन्छ भन्नेमा ८७ प्रतिशत नागरिक छन् भने आफ्नो जीवनस्तरमा सुधार हुन्छ भनि आशावादी हुनेमा ८२ प्रतिशत नागरिक रहेका छन् । त्यस्तै आगामी ५ बर्षमा नेपालको राजनीतिक अवस्थामा सुधार हुनेछ भन्नेमा ७८ प्रतिशत नागरिक छन् भने राजनीतिक दलहरू प्रति नागरिकको विश्वास वढ्नेछ भन्नेमा ७९ प्रतिशत रहेका छन् । त्यसैगरी आगामी ५ बर्षमा सरकारमाथि नागरिकको विश्वास वढ्नेछ भनि आफ्नो धारणा राख्ने नागरिकहरू ८४ प्रतिशत रहेका छन् ।

त्यसैगरी आगामी ५ बर्षमा नेपालको अवस्था वर्तमानमा जस्तो छ त्यस्तै रहन्छ भन्नेहरूको प्रतिशत पनि उल्लेख्य नै रहेको पाईयो । आगामी ५ बर्षसम्म आफ्नो जीवनस्तर उस्तै रहन्छ भनि आफ्नो धारणा राख्नेहरूमा १६ प्रतिशत नागरिक रहेका छन् । आगामी ५ बर्षसम्म नेपालको राजनीतिक अवस्था उस्तै रहन्छ भन्नेमा १४ प्रतिशत नागरिक छन् भने राजनीतिक दलहरू प्रति नागरिकको विश्वास उस्तै रहन्छ भन्नेमा पनि १४ प्रतिशत नागरिक रहेका छन् । त्यसैगरी आगामी ५ बर्षमा

सरकारमाथि नागरिकको विश्वासको मात्रा उस्तै रहन्छ भनि आफ्नो धारणा राख्ने नागरिकहरू १० प्रतिशत रहेका छन् भने नेपालको आर्थिक अवस्था वर्तमानमा जस्तो छ त्यस्तै रहन्छ भन्नेहरूमा ८ प्रतिशत नागरिकहरू छन् ।

अझ भन्नुपर्दा, आगामी ५ बर्षमा नेपालको राजनीतिक अवस्था झन् विग्रिन्छ भनि आफ्नो धारणा राख्ने नागरिकहरू ४ प्रतिशत रहनु, राजनीतिक दलहरू प्रति नागरिकको विश्वास झन् विग्रिन्छ भन्नेमा ३ प्रतिशत नागरिकहरू रहनु र सरकारमाथि नागरिकको विश्वासको झन् विग्रिन्छ भन्नेमा २ प्रतिशत नागरिकहरू रहनुले राजनीतिक दलहरू तथा सरकारले नागरिकको विश्वास जित्न ठुलो जिम्मेवारी बोधका साथ अगाडि बढनुपर्ने देखिन्छ ।

सन्दर्भ सामग्री

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान. २०७५. नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४. ललितपुरः नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान.

नेपाल कानून आयोग. २०७६. नेपालको संविधान २०७२. http://www.lawcommission.gov.np/np/archives/category/documents/prevailing-law/constitution/constitution-of-nepal

प्रदेश योजना आयोग. २०७५. प्रदेश नं ५ को बस्तुस्थिति विवरण. बुटवलः प्रदेश सरकार प्रदेश नं ५, २०७५.

अनुसन्धान तथा परामर्श सेवा विभाग
नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
ईमेलः rcsd@nasc.org.np
www.nasc.org.np

ISBN 978-9937-9474-0-4
9 789937 947404